चाडपर्वमा अनावश्यक खर्च नगरौं ।
मद्यपान र जुवातासजस्ता विकृतिको अन्त्य गरौं ॥

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० कात्तिक १७ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 November 03 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ७१

## सुक्खा बन्दरगाहबाटै आउन थाल्यो कोइला

# चार महीनामा चार ˘याक कोइला भित्रियो

प्रस, परवानीपुर, १६ कात्तिक/

रक्सौलको साटो वीरगंजको श्रीसिया सुक्खा बन्दरगाह भन्सार कार्यालय बाटै 'लुज कार्गो' कोइला आयात हुन थालेको छ । रक्सौल रेलवे यार्डमा कोइला ह्यान्डलिङमा प्रतिबन्ध लागेसँगै नेपाली आयातकर्ताहरूको रोजाइमा सुक्खा बन्दरगाह भन्सार पर्दै आएको हो। भारत वा तेस्रो मुलुकसँग रेलमार्गबाट जोडिएको भन्सार नाका हो, श्रीसिया सुक्खा बन्दरगाह भन्सार । गत असोज १३ गतेदेखि नेपालको लागि आयात गरिने कोइला रक्सौल रेलवे यार्डमा ह्यान्डलिङमा रोक लागेपछि नेपाली सिमेन्ट उद्योगहरूले सुक्खा बन्दरगाह भन्सार नाकाबाट कोइला आयात गर्न थालेका हुन् । पहिलोपटक गत असार १६ गते झारखण्डबाट नेपालको लतिका कमोडिटीले रेलमार्ग हुँदै कोइला सुक्खा बन्दरगाह भन्सार नाकाबाट भित्र्याएको थियो ।

तर भन्सार जाँचपासमा विवाद हुँदा आयातित ३,६५० टन कोइला करीब एक महीना सुक्खा बन्दरगाह भन्सार यार्डमैं थुप्रियो । पछि खरीद मूल्यमा जरिवाना थपेर जाँचपास भयो। त्यसपछि युनाइटेड सिमेन्टको एक र्‍याक र शिवम् सिमेन्टको दुई र्‍याक गरी कुल चार र्‍याक कोइला



श्रीसिया सुक्खा बन्दरगाहमा रेलबाट ल्याइएको कोइला अनलोड हुँदै। तस्वीरः प्रतीक

आएको बुझिएको छ । हाल सुक्खा बन्दरगाहमा नेपाली सिमेन्ट उद्योगहरूको प्रयोजनका लागि कोइला आयात गरिएको छ भने ट्रेडिङ प्रयोजनको लागि पनि कोइला आयात गर्ने व्यवसायीहरूले तयारी गरिरहेका छन् ।

सुक्खा बन्दरगाह भन्सार सञ्चालन गरिरहेको प्रिस्टिन भ्याली ड्राइपोर्टले अहिले पनि कोइलाका केही र्‍याक सुक्खा बन्दरगाह आउन पाइपलाइनमा रहेको बताएको छ। कम्पनीका सञ्चालन प्रमुख अधिकृत अतुल शर्माका अनुसार नेपाली कोइला आयातकर्ताको लागि सुक्खा बन्दरगाह भन्सार नाका सबैभन्दा उत्तम विकल्प हो । उनले भारतीय सीमावर्ती क्षेत्रमा कोइला ह्यान्डलिङ गरी भारतीय टिपरबाट सडकमार्गबाट भित्र्याउनुभन्दा सुक्खा बन्दरगाह भन्सार नाकामा ह्यान्डलिङ गर्दा नेपाली ढुवानी व्यवसायीहरूले काम पाउने जिकिर गरे।

यता, वीरगंज उद्योग वाणिज्य सङ्घका उपाध्यक्ष माधव राजपालका अनुसार रेलवे यार्ड रक्सौलमा कोइला ह्यान्डलिङ भई सडकमार्ग हुँदै नेपाल

(बाँकी अन्तिम पातामा)

## मधेस प्रदेशकै सर्वाधिक धनराशिको

# वीरगंज गोल्डकप प्रतियोगिताको तयारी पूरा

प्रस, वीरगंज, १६ कात्तिक/

भेट्रान्स सिटी क्लब, वीरगंजको आयोजनामा यही कात्तिक १८ गते शनिवारदेखि हुन गइरहेको प्रथम वीरगंज गोल्डकप प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भइसकेको आयोजक क्लबले बिहीवार पत्रकार सम्मेलन गरेर जानकारी गराएको छ ।

क्लबका महासचिव पङ्कज श्रेष्ठले वीरगंजमा हुन गइरहेको प्रथम वीरगंज गोल्डकप प्रतियोगिता मधेस प्रदेशकै सर्वाधिक धनराशिको प्रतियोगिता भएको र यसको सम्पूर्ण तयारी पूरा भएको दाबी गरे। उनले १८ गतेदेखि प्रतियोगिता शुरू हुने र २५ गते सम्पन्न हुने जानकारी गराउँदै प्रतियोगितामा प्रथम हुने टीमलाई ११ लाख ११ हजार एक सय, दोस्रो हुने टीमलाई रु पाँच लाख ५ हजार ५५५, शिल्ड, मेडल, प्रमाणपत्रसहित पुरस्कृत गरिने बताए ।

प्रत्येक खेलको 'म्यान अफ दी म्याच'को पनि व्यवस्था गरिएको र विधागतरूपमा सो उपाधि प्रदान गरिने महासचिव श्रेष्ठले बताए। आठ दिनसम्म सञ्चालन हुने प्रतियोगितामा काठमाडौंका त्रिभुवन आर्मी क्लब, नेपाल पुलिस क्लब, सङ्कटा क्लब, नवलपरासीको एपिआई, पावर, चर्च, ब्वाइज युनाइटेड र झापाको एएफसी गरी आठवटा टीम सहभागी हुने उनले बताए। उनले प्रतियोगिताको लागि मुख्य प्रायोजक वीरगंज महानगरपालिकाले रु २५ लाख सहयोग





तस्वीरः प्रतीक

गरेको जानकारी गराएका थिए। उनले प्रतियोगितामा कुल ८० लाख खर्च हुने बताए ।

सहयोगीमा जगदम्बा सिमेन्ट, पर्सा फूटबल सङ्घ, क्रिएटिभ वर्ल्ड डिजिटल, आरएस लोजिस्टिक एन्ड सिपिङ र गौतम मावि रहेका छन् ।

प्रतियोगितामा दैनिक पाँच हजार दर्शक खेल हेर्न आउने अनुमान गरिएको छ। टिकटदर भने प्रत्येक खेलको रु एक सय र प्रतियोगिता अवधिभरका लागि रु एक हजार राखिएको महासचिव श्रेष्ठले बताए ।

पत्रकार सम्मेलन क्लबका अध्यक्ष सविन बस्नेतको अध्यक्षतामा भएको थियो भने वरिष्ठ उपाध्यक्ष सागर राणा, सल्लाहकार रोशन गुप्तालगायतको सहभागिता थियो ।

वीरगंजमा लामो समयपछि अन्तर्राष्ट्रियस्तरको फूटबल प्रतियोगिता हुन गइरहेको छ। यसअघि, पञ्चायतकालमा महेन्द्र गोल्डकप, प्रजातन्त्र आएपछिमा शहीद तेजबहादुर अमात्य गोल्डकप, लक्ष्मण थापा गोल्डकपजस्ता प्रतियोगिता भएको थियो भने गणतन्त्र आएपछि वीरगंजमा विशाल गोल्डकप प्रतियोगिता भइरहेको छ । वीरगंजमा नारायणी रङ्गशाला र आदर्शनगर रङ्गशाला भएपनि फूटबल प्रतियोगिता भने नगन्यरूपमा हुने गरेको छ ।

# सखुवाप्रसौनीका दलित बालबालिकालाई अमेरिकी संस्थाको सहयोग

प्रस, वीरगंज, १६ कात्तिक/

हेल्प फर डेस्पेरेट एन्ड निडी पिपल (एचडिएनपी) इन्टरनेशनल, अमेरिकाको सहयोग र पिस फर दलित्स फाउन्डेशन





तस्वीरः प्रतीक

नेपालको सहकार्यमा पर्सा जिल्लाको सखुवाप्रसौनी गाउँपालिका–३ कौवावनको मुसहरबस्तीका दलित बालबालिका तथा अभिभावकहरूलाई सहयोग गरिएको छ।

सो बस्तीका १२० जना दलित बालबालिकालाई कापी, कलम, सीसाकलम र बालबालिकासहित ८० जना अभिभावकलाई खाद्य सामग्री वितरण गरिएको थियो ।

दलित समुदायका बालबालिकाहरूको शिक्षामा पहुँच, विद्यालय टिकाउन, शिक्षामा निरन्तरता, गुणस्तरीय शिक्षा, सिकाइमा सुधार र अभिभावकको चासो बढाउने उद्देश्यले कार्यक्रम गरिएको हो ।

पढ्ने र खानेकुरा पाएपछि बालबालिकाहरू खुशी भएका थिए भने पढेपछि खान पाइन्छ भन्ने सन्देश बालबालिकाका साथै अभिभावकहरूमा प्रवाह भएको थियो । उनीहरूले अमेरिकाका सहयोगकर्ता समाजसेवी देवी डेभिड आचार्यलाई धन्यवाद पनि दिए।

एचडिएनपी इन्टरनेशनल सन् २०१२ मा अमेरिकी सरकारको गैरनाफामूलक सामाजिक संस्थामा दर्ता भएको थियो। संस्थाले स्थापनाकालदेखि अमेरिकाको टेक्सास राज्यको आर्लिङ्टन डलास क्षेत्र वरपरका घरवारविहीन र मागेर जीविका चलाउने दु:खीहरूलाई त्रैमासिकरूपमा खाना खुवाउँदै आइरहेको छ भने नेपालका विभिन्न जिल्लाका दलित समुदायको लागि आर्थिक, अतिविपन्नको लागि खाद्यान्न, दलित बालबालिकाको लागि शैक्षिक सामग्रीहरू तथा सामाजिक कार्यमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा सेवा सहयोग गर्दै आएको एचडिएनपी इन्टरनेशनलका अध्यक्ष देवी डेभिड आचार्यले बताए ।

उनले मुसहर समुदायका बालबालिकाको लागि वार्षिकरूपमा निरन्तर शैक्षिक सामग्री र दलित अभिभावकहरूको लागि जीविकोपार्जन तथा आर्थिक समृद्धिको लागि कार्य गर्ने प्रतिबद्धता व्यक्त गरे। पिस फर दलित्स फाउन्डेशन नेपाल, पर्साले एचडिएनपी इन्टरनेशनलका अध्यक्ष आचार्यलाई पर्साका दलित समुदायलाई लक्षित गरेर सहयोग गर्दै आएकामा सम्मान गरेको थियो ।

पिस फर दलित्स फाउन्डेशन नेपाल मधेस प्रदेशका जिल्लामा सक्रिय दलित समुदायको संस्था हो। फाउन्डेशनले दलित समुदायको सशक्तीकरण, सामाजिक न्याय, समानता, छुवाछूत अन्त्य, शिक्षा, सामाजिक रूपान्तरण, दलित समुदायको लागि वकालत, दलित समुदायको सेवा सहयोगमा सक्रिय भूमिका निर्वाह गर्दै आएको छ ।

अध्यक्ष आचार्यले पिस फर दलित्स फाउन्डेशन नेपालको कामको मूल्याङ्कनको लागि निरीक्षण गर्दै अभिभावक, बालबालिकासँग स्थलगत छलफल तथा अन्तर्क्रिया गरेका थिए। अध्यक्ष आचार्यले फाउन्डेशनको टीमसँग पनि छलफल गर्नुका साथै स्थानीय कौवावन गाउँको मुसहरबस्तीको स्थलगत अनुगमन गरी उनीहरूको समस्याबारे जानकारी लिएका थिए ।

कार्यक्रम दलित अभिभावक सङ्घकी उर्मिलादेवी मुसहरको अध्यक्षतामा भएको थियो भने फाउन्डेशनका सदस्य परमानन्द राम, सुरेन्द्र पासवान, संजोग राम, सङ्गीतादेवी मुसहर, अशोक रामलगायतको सहभागिता थियो । कार्यक्रमको सहजीकरण पिस फर दलित्स फाउन्डेशन नेपालका अध्यक्ष मनोज रामले गरेका थिए ।

# अव्यवस्थित तारले पोखरियामा समस्या

प्रस, पोखरिया, १६ कात्तिक/

पोखरिया नगरपालिका कार्यालय





तस्वीरः प्रतीक

रहेको वडा नं ४ बजार क्षेत्रमा अव्यवस्थित तरीकाले तारहरू पोलहरूमा छन् । करीब एक दशकदेखि नेपाल टेलिकम, विभिन्न इन्टरनेट सेवाप्रदायक र डिसका तारहरू पोलहरूमा अव्यवस्थित राखिएका र त्यसलाई व्यवस्थित नगर्दा अहिले बजार क्षेत्रका घर तथा पसलहरूले समस्या भोग्नुपरेको छ ।

शुरूमा पोलमा झुन्ड्याइएका तार पछि सडक विस्तार भएसँगै पोल लम्बाइ घटेर तार मानिसहरूको घर, पसलहरूमा झुन्डिएको हो । अहिले तारको कारण घरमा प्रवेश गर्न तथा पसलहरूमा ग्राहक जानको लागि समस्या भएको छ। तार उचालेर घर प्रवेश तथा बजारमा खरीद गर्नुपर्ने अवस्था विद्यमान छ । यसलाई व्यवस्थित गर्नेतर्फ सरोकारवाला निकायले चासो देखाएका छैनन् ।

दूरसञ्चारका स्थानीय कर्मचारीले क्षेत्रीय कार्यालय वा केन्द्रीय कार्यालयको आदेशमा मात्र अपग्रेडिङ गर्न सकिने बताएका छन् । वीरगंजमा अव्यवस्थित तारलाई व्यवस्थित गर्नेतर्फ महानगर र स्थानीय सामुदायिक सेवा केन्द्रहरू तथा इन्टरनेट सेवाप्रदायक, दूरसञ्चार र विद्युत् प्राधिकरणको सहकार्यमा काम भइरहेको छ । विभिन्न चरणमा ठूलो परिमाणमा अव्यवस्थित तार व्यवस्थित गर्ने काम भएपनि अव्यवस्थित तारकै कारण बेलाबखत आगलागीका घटना पनि हुने गरेका छन् । पोखरियामा अहिलेसम्म यस्तो घटना भएको छैन तर घरेलु तथा पसलेहरूले समस्या भोग्दै आएका छन् ।

# दीपावलीदेखि छठसम्म श्रीसिया नदीमा फोहर पानी विसर्जन नगर्ने उद्योगीहरूको प्रतिबद्धता

प्रस, वीरगंज, १६ कात्तिक/

छठ पर्वलाई लक्षित गरेर वीरगंज उद्योग वाणिज्य सङ्घले बिहीवार पर्सा र बाराका सरोकारवाला उद्योगका सञ्चालकहरूसँग श्रीसिया नदीबारे बैठक गरेको छ ।

सङ्घको सभाकक्षमा आयोजित बैठकमा मरियम लेदर इन्डस्ट्रिज, नारायणी लेदर इन्डस्ट्रिज, शिवशक्ति घ्यू उद्योग, अन्नपूर्ण भेजिटेबल प्रोडक्ट्स, नेपाल लेदर इन्डस्ट्रिज, ग्लोबल लेदर इन्डस्ट्रिज, मारुती पेपर मिल्स, दुर्गा पल्प्स इन्डस्ट्रिजलगायत अन्य उद्योग प्रतिष्ठानका सञ्चालहरू सहभागी थिए।

छलफलमा श्रीसिया नदीलाई सफा राख्न नदीमा प्रदूषण र फोहोर पानी विसर्जन गर्ने कार्य बन्द गर्ने प्रतिबद्धता व्यक्त गरिएको वीउवासङ्घले जनाएको छ । बैठकमा सहभागीहरूले तत्कालका लागि दीपावलीदेखि छठ पर्वसम्म उद्योगहरूले सफा पानी प्रवाहित गर्ने प्रतिबद्धता जनाएका थिए ।

त्यसपछि सरोकारवाला उद्योगहरूको उपस्थितिमा पुनः बैठक बसेर यस विषयमा ठोस निर्णय लिने सङ्घका अध्यक्ष अनिल अग्रवालले बताए। उनले श्रीसिया नदीलाई प्रदूषणमुक्त बनाउने विषयमा ठोस कार्ययोजनासहित सङ्घले संस्थागत पहल गर्ने र तत्कालका लागि दीपावलीदेखि छठसम्म उद्योगको फोहर पानी नदीमा विर्सजन नगर्ने विषयमा सहमति भएको बताए ।

### विचारसार र सूक्तिहरू

**कुनै खास अवस्थामा भन्नका लागि शब्द पाइएन भने मात्र मुस्कान दिनुस् । किनकि शब्दले भ्रमित पनि पार्न सक्छ, मुस्कान सदा अनुकूल हुन्छ ।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com

Website: eprateekdaily.com


# अव्यवस्थित तार

**अव्यवस्थित तारका कारण हाम्रा शहरहरू कुरूप मात्रै छैनन्, जोखिमपूर्ण पनि छन् । बिजुलीका पोलमा पटयारलाग्दा तारका गुजुल्टाका कारण दुर्घटना भइरहेका छन् । अव्यवस्थित तारका कारण कतै पोल ढल्छ, कतै सवारी आवागमनमा नै अवरोध पुग्छ भने कतिपय स्थानमा आगलागीसमेत भइरहेका छन् । बिजुलीका पोलहरूमा तारका गुजुल्टा बेरिएको सङ्घीय राजधानी काठमाडौंदेखि प्रदेश राजधानी जनकपुरधाम र आर्थिकनगरी वीरगंजका लागि नौलो होइन । बिजुलीको तार, इन्टरनेटको तार, टेलिफोनको तार, केवल टिभीको तार, तारैतार । यस्तो अवस्थामा कुन तार के को हो ? कहाँको हो ? चिन्न र खुट्याउन गाह्रो छ । पोलले थेग्न नसक्नेगरी तारका गुजुल्टा बनाइएको छ । तारको भार थेग्न नसकेर पोल ढलेका घटनाहरू धेरै छन् । पैदलयात्रु, सवारीसाधन, आसपासका स्थानीयलाई सास्ती नै सास्ती । उत्तिकै जोखिम पनि । कतै सडक किनाराका रूखबिरुवामा तार अल्झेका छन् । कतै चुँडेको तार भुइँमा लत्रिएका छन् । करेन्ट लाग्छ कि भनेर डराउँदै हिंड्नुपर्ने बाध्यता छ ।**

**अव्यवस्थित तारका कारण भूकम्प, आगलागी, हावाहुरी जस्ता प्राकृतिक विपद्मा झनै जोखिम बढ्ने गरेको छ । तारहरू यसरी गुजुल्टिएका वा बटारिएका छन् कि बिजुली सर्ट हुने बित्तिकै आगलागी हुने हुँदा सबै सेवा एकैपटक ठप्प भइदिन्छ । सम्बन्धित सेवाप्रदायक संस्थाका प्राविधिक कर्मचारीलाई पनि कुन सेवाग्राहीको कुन तार हो भनी छुट्याउन गाह्रो छ । सेवामा कुनै समस्या आउँदा मरम्मतसम्भार गर्न पनि अप्ठ्यारो । साँघुरिएको नगरक्षेत्रका सडकमा टाँगिएका होचा तार, ठूला मालवाहक सवारीसाधनले चुँडाल्ने र बिगार्ने हुँदा लाइन सर्ट हुने जोखिम धेरै छ । यो समस्यालाई सेवाप्रदायक कम्पनी र विद्युत् प्राधिकरण कसैले पनि समाधानका लागि चासो देखाएका छैनन् । जसको फलस्वरूप कतिबेला कसको धनजनको क्षति हुने हो, टुङ्गो छैन । भूमिगत तार बिछ्याउने भनेको पनि वर्षौं भयो । खानेपानीको पाइप बिछ्याउन सडक भत्काएकै बेला बिजुलीलगायत इन्टरनेट, केवल, टेलिफोनका तारहरूलाई पनि भूमिगत गर्दा राम्रो हुन्छ ।**

**पोलमा झुन्डिएका तारमध्ये अधिकांश तार उपयोगीभन्दा पनि प्रयोगविहीन बढी छन् । गत वर्ष गरिएको एक सर्भे अनुसार पोलमा असरल्ल तारहरूमध्ये ६० देखि ७० प्रतिशतसम्म प्रयोगविहीन छन् । तार परिवर्तन गर्ने बेलामा पुराना तार ननिकाली त्यसैमा अन्य तार थप्दै जाँदा प्रयोगविहीन तारका सङ्ख्या बढेको र यसले व्यवस्थापनमा समस्या ल्याएको छ । सेवाप्रदायक संस्थाहरूले विद्युत्को पोल प्रयोग गर्दा प्राधिकरणलाई शुल्क तिरेका छन् । शुल्क असुल गरेपछि तार व्यवस्थित गर्ने काम पनि प्राधिकरणको हो भन्ने सेवाप्रदायक संस्थाहरूको मत छ । प्राधिकरणले भने सेवा दिने संस्थाले आआफ्नो तार व्यवस्थित नगर्ने हो भने पोल प्रयोग गर्नै नदिने धम्की दिने गरेको छ । २०७६ सालमा केपी शर्मा ओली प्रधानमन्त्री छँदा बिजुलीको तारलाई भूमिगत गर्ने कार्य सङ्घीय राजधानी काठमाडौंबाट थालनी गरिएको थियो । यसको निम्ति एशियाली विकास बैंकले १५ अर्ब रुपैयाँ ऋण सहयोग गरेको थियो । त्यो अभियान अहिले कता हरायो थाहा छैन । तथापि वीरगंज महानगरलगायत मुलुकका केही पालिकाहरूले आआफ्नो क्षेत्रका अव्यवस्थित तार हटाउने अभियान सञ्चालन गरेका छन् । यो अति नै राम्रो काम भएको हुँदा नागरिकले सहयोग र सहभागिता जनाउन जरुरी छ ।**

# औचित्यहीन समानुपातिक निर्वाचन प्रणाली

स्वतन्त्र विचार



श्रीमन्नारायण

an_shriman@yahoo.com

**पटक-पटक मन्त्री भइसकेका व्यक्ति नै खस आर्य, मधेसी, दलित, जनजाति, महिला, मुसलमान कोटाबाट संसद्मा प्रवेश गर्दछन् भने त्यस समानुपातिक प्रतिनिधित्वको के अर्थ ? भाँडो पित्तलको होस्, सुनको, माटोको अथवा काठको, वस्तु पुरानो राख्ने हो भन्ने तात्त्विक भिन्नता के ?**

समानुपातिक निर्वाचन प्रणालीका कारण खण्डित जनादेश आउने र देशमा राजनीतिक स्थायित्व कायम हुन नसक्ने विषयमा देशका प्रायः सबै राजनैतिक दलहरूबीच मतैक्य रहेको पाइन्छ । मङ्सिर महिनामा हुने पार्टीको महासमिति बैठकमा एजेन्डा बनाएर, केही अघि सम्पन्न भएको नेपाली काङ्ग्रेसको केन्द्रीय समिति बैठकमा पनि पार्टीका नेताहरूले समानुपातिक र समावेशी व्यवस्थालाई अन्य विकल्पबाट प्रतिनिधित्व गरेर संविधान संशोधनका लागि अग्रसरता लिन पार्टी सभापतिलाई आग्रह गरे । नेपालको संविधान-२०७२ को निर्माणको नेतृत्व नेपाली काङ्ग्रसले नै लिएकोले संविधान संशोधनको नेतृत्व पनि नेकाले नै गर्नुपर्ने माग गरे । नेकाको बैठकमा उठेको यस मागलाई विचारणीय सुझाव मान्न सकिन्छ । समानुपातिक निर्वाचन प्रणालीलाई विस्थापित गरी प्रत्यक्षतर्फ नै केही निर्वाचन क्षेत्र आरक्षित गरी वर्तमान समस्या समाधान गर्न सकिन्छ ।

दक्षिण एशियाका अधिकांश देशहरू आफूलाई भारतभन्दा पृथक देखाउन अथवा आफ्नो विशिष्ट पहिचान देखाउन यस्ता खाले नयाँ-नयाँ प्रयोग गर्दछन्, जसको दुष्प्रभाव स्वयं ती देशहरूले नै भोग्नुपर्ने हुन्छ । यस मामिलामा हाम्रो देश नेपाल त पाकिस्तान, श्रीलङ्का र बङ्गलादेशभन्दा पनि अगाडि छ । पञ्चायती व्यवस्थाको दुई दशकमा यस्तैखाले अनौठो राजनीतिक प्रयोग भएको थियो । जनमत सङ्ग्रहको निर्वाचन पश्चात् बालिग मताधिकारमार्फत जनप्रतिनिधि (राष्ट्रिय पञ्चायत सदस्य)को निर्वाचन त हुन थाल्यो तर दलहरूमाथि प्रतिबन्ध थियो । निर्दलीय शासन व्यवस्थामा संसदीय अभ्यास अर्थहीन थियो । आखिर नौ वर्षमै त्यो निर्वाचन प्रणाली असफल हुन पुग्यो ।

जनान्दोलन-२ को सफलतापश्चात् देशमा बहुदलीय शासन व्यवस्था स्थापना भयो । संसदीय अभ्यास पनि भए । ती अभ्यासहरू स्वस्थ र संसदीय मूल्य मान्यताविपरीत थिए, तथापि त्यसले संसदीय व्यवस्थालाई बलियो नै बनाउने काम गरेको थियो । नेका र नेकपा एमालेलगायत ठूला दलहरूमा देखिएको सत्ता र कुर्सीप्रतिको लोभले शासन प्रणालीलाई अलोकप्रिय बनाउने काम भयो । एक दशकमै नेपाली काङ्ग्रेस, नेकपा एमाले, संयुक्त जनमोर्चा, नेपाल सद्भावना पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी पनि विभाजित हुन पुगे । विभाजनको कारण पद र सत्ताप्रतिको आसक्ति नै थियो । नेपाली काङ्ग्रेसभित्र आन्तरिक कलह चरम उत्कर्षमा पुग्दा तत्कालीन सरकारका प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकार आफैंले घोषणा गरेको मध्यावधि निर्वाचनको मितिमा चुनाव सम्पन्न गराउन आफ्नो असमर्थता अथवा अक्षमता देखाएपछि तत्कालीन संवैधानिक राजालाई चलखेल गर्ने अवसर उपलब्ध गराएको थियो । तत्कालीन परिस्थितिमा नेपाली काङ्ग्रेसको एउटा ठूलो समूहसहित सबै विपक्षी दलहरूले तत्कालीन राजासमक्ष गुहार माग्दै देउवा सरकारलाई अपदस्थ गर्न आग्रह गरे । एउटा संवैधानिक राजालाई सक्रिय हुन थालमा पस्केर आएको प्रस्तावलाई कसरी अस्वीकार गर्न सकिन्थ्यो ? संवैधानिक राजा सक्रिय बन्न खोजे, बने पनि तर देशका स्थापित राजनीतिक दलहरूलाई ठग्दै आफू बढी होशियार बन्न खोज्दा उनी पनि दुब्बाट फिङ्गाभैँ फालिए ।

उही चरित्र, उही अनुहार र उही मानसिकताका वामपन्थीहरूले गणतन्त्र, समावेशिता र राज्य पुनर्संरचनाको नारा दिएर देशका सोझा, गरीब, उपेक्षित एवं पीडित ठूलो समूहलाई आफूतिर आकर्षित गर्ने काम गरे । माओवादको नाराप्रति बहुसङ्ख्यक नेपाली जनता आकर्षित भए । माओवादका नारा दिएर देशमा आमूल परिवर्तनको नारा दिनेहरूसित केवल किताबी ज्ञान मात्रै थियो । व्यावहारिक राजनीतिको समझ थिएन । युद्धोन्मादबाट सबै समस्याको समाधान खोज्न चाहन्थे । भिजनको अभावमा माओवादी पार्टी असफल साबित भयो र यसका तीन प्रमुख नेता तीन दिशामा लागे । जवाफदेहिता लिन कोही तयार भएन । जनताले ठगिएको महसुस गर्न थाल्यो र पुनः पुरानै राजनीतिक पार्टीतिर फर्किन थाल्यो । नेकपा एमाले र नेपाली काङ्ग्रेससित चुनावी गठबन्धन गरेर माओवादीले दुई तीन दर्जन जति सिट जित्न सकिरहेको छ तर जुन दिन एक्लो लड्ने अवस्था आउँछ प्रत्यक्षतर्फ खाता खोल्न पनि समस्या हुनेछ ।

राष्ट्रिय राजनीतिको मूलधारमा नेकपा माओवादीको सहभागिताका बावजुद उसले अघि सारेका महत्त्वपूर्ण विषयहरू नेपालको सन्दर्भमा औचित्यहीन साबित भइरहेको छ । राज्य पुनर्संरचनाको सवालमा पनि न यहाँ भारतको जस्तो सङ्घीय संरचना लागू भएको छ, न स्वीटजरल्यान्ड अथवा अमेरिकाजस्तो । फलस्वरूप सङ्घीय संरचनाको औचित्यमाथि प्रश्न उठेको छ । कि स्थानीय तह खारेज हुनुपर्छ, जथाभावी गाउँपालिका र नगरपालिकाको औचित्य देखिँदैन । यो केवल अनावश्यक खर्चको कारण बनेको छ । बरु जिल्ला सदरमुकाममा मात्रै नगरपालिका राख्ने र वडाहरूलाई मात्रै अस्तित्वमा राख्ने काम हुनुपर्दछ । प्रादेशिक संरचनालाई अधिकारसम्पन्न बनाइनुपर्दछ अथवा प्रादेशिक संरचनालाई पनि खारेज गरी २०४७ को संविधानमा व्यवस्था भएजस्तो राज्य संरचना हुनु पर्दछ । स्थानीय तहको वर्तमान संरचनाका कारण स्वास्थ्य र शिक्षाको अवस्था दयनीय मात्रै भएको छैन, स्थानीय तहका लागि जाने बजेट पनि बालुवामा पानी हालेसरह साबित भएको छ ।

समानुपातिक निर्वाचन प्रणाली पनि विदेशी नक्कलकै प्रतीक हो । दक्षिण अफ्रिकाको जस्तो परिस्थिति नेपालमा थिएन । दक्षिण अफ्रिकामा नश्लभेद थियो । हाम्रो देशमा गरीबीका कारण समस्या देखिएको हो । दक्षिण अफ्रिकामा संविधान निर्माण कार्यमा र राज्य व्यवस्था सञ्चालनमा सबै समुदायलाई समाहित गरिएपछि त्यो देश प्रगतिको पथमा लम्किएको छ । हाम्रो देशमा एउटै अनुहार नयाँ-नयाँ लुगा लगाएर नयाँ पात्रको रूपमा अभिनय गर्दैछ र हामी त्यसैमा सबै समस्याको समाधान खोजिरहेका छौं । पटक-पटक मन्त्री भइसकेका व्यक्ति नै खस आर्य, मधेसी, दलित, जनजाति, महिला, मुसलमान कोटाबाट संसद्मा प्रवेश गर्दछन् भने त्यस समानुपातिक प्रतिनिधित्वको के अर्थ ? भाँडो पित्तलको होस्, सुनको, माटोको अथवा काठको, वस्तु त्यही पुरानो राख्ने हो भन्ने तात्त्विक भिन्नता के ? संविधान निर्माणमा पनि समानुपातिक प्रणालीको व्यापकरूपमा उपेक्षा गरियो र कसैले उद्योगपति, व्यापारी, तस्कर, माफिया र ठेकेदारसित पैसा लिएर तिनलाई संविधान बनाउने ठाउँमा पुऱ्याए त कसैले पत्नी, साली, नातेदार, सम्धी र सम्धिनीलाई । के समानुपातिक प्रतिनिधित्वको अर्थ यही हुन्छ ?

नेपाली काङ्ग्रेसको केन्द्रीय समितिको बैठकमा समानुपातिक निर्वाचन प्रणाली समाप्त गर्ने विषयमा जुन स्वर देखा परेको छ त्यो स्वर हामी सबैको हुनुपर्छ । देशकै हुनुपर्छ । समानुपातिक निर्वाचन प्रणालीको औचित्य छैन । प्रत्यक्ष निर्वाचन प्रणाली महँगो अवश्य पनि छ । अधिकांश जनता पनि पैसा लिएर मतदान गर्छ र त्यसैले जनप्रतिनिधिमाथि औंला ठड्याउने अधिकार पनि गुमाउँछ । लोकतन्त्रमा जनतालाई नै आफ्नो प्रतिनिधि छनोट गर्ने अधिकार हुनुपर्छ । राष्ट्रियसभामा सदस्यको सङ्ख्या बढाइनुपर्दछ । त्यसलाई बरु जातीय सभाको रूपमा विकसित गर्न सकिन्छ । दलित, महिला र आदिवासीका लागि प्रत्येक जिल्लामा एक क्षेत्र प्रत्यक्षतर्फ आरक्षित गर्न सकिन्छ । कुनै जिल्लामा दलित त कुनैमा महिला र कुनैमा आदिवासी भनेर २७५ को एक तिहाइ सिट आरक्षित गर्नुपर्छ । सबैलाई प्रत्यक्षतर्फ लन्नुपर्दछ । प्रतिनिधिसभा २७५ सदस्यीय भइसकेपछि प्रादेशिकसभाको पनि औचित्य रहने छैन । यो प्रस्ताव विचाराधीन हो त्यसैगरी नेपालीलाई सनातन धर्म सापेक्ष राष्ट्र बनाउने दिशामा पनि हाम्रो ध्यान जानुपर्दछ, होइन भने यो इसाई राष्ट्र बन्न बेर लाग्ने छैन ।

# दूधकोशी आयोजनामा लगानी गर्ने एडिबीको प्रतिबद्धता

काठमाडौं, १६ कात्तिक/रासस

जलाशययुक्त आयोजनाका रूपमा परिचित दूधकोशीमा एशियाली विकास बैंक (एडिबी)ले लगानी गर्ने प्रतिबद्धता जनाएको छ । सो आयोजनाको क्षमता कुल ६३५ मेगावाट रहेको छ ।

नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, एडिबीका महानिर्देशक रमेश सुब्रमण्यम र एडिबी नेपाल आवासीय नियोगका निर्देशक आर्नोड कुश्वा सम्मिलित टोलीले आयोजनाको स्थलगत निरीक्षण गरेको छ ।

टोलीले आयोजनाको जलाशय क्षेत्र र विद्युत्गृहस्थलको निरीक्षण गर्दै बाँधस्थल खोटाङको रबुवा बजारमा स्थानीय तहका जनप्रतिनिधिसँग अन्तर्क्रिया गरेको थियो । कार्यक्रममा महानिर्देशक सुब्रमण्यमले आयोजना अगाडि बढाउन उच्च तहबाट भएको यो करीब-करीब अन्तिम निरीक्षण भएको भन्दै एडिबीको नेतृत्वमा जतिसक्दो छिटो वित्तीय व्यवस्थापन गर्न लागिएको बताए ।

आयोजनालाई स्थानीय बासिन्दाबाट स्वीकार्ययता रहेको उल्लेख गर्दै ३८ वर्षदेखि चर्चामा रहेको आयोजनाको प्राविधिक, वातावरणीय र सामाजिक पक्षलाई जतिसक्दो छिटो टुङ्गो लगाएर निर्माणमा लैजानुपर्ने बताए ।

आयोजनाको अनुमानित लागत निर्माण अवधिको ब्याजसहित दुई अर्ब २० करोड अमेरिकी डलर (करीब रु दुई खर्ब ९५ अर्ब) रहेको छ । यसमध्ये ऋणबाट एक अर्ब ६८ करोड डलरर बाँकी स्वपूँजीबाट जुटाएर वित्तीय व्यवस्थापन गर्नेगरी तयारी भइरहेको छ ।

एडिबीको नेतृत्वमा विभिन्न अन्तर्राष्ट्रिय वित्तीय संस्थाबाट आयोजनामा एक अर्ब डलर सहुलियतपूर्ण ऋण लगानी हुनेछ । यसमध्ये एडिबीले आयोजनामा ५५ करोड डलरको सहुलियतपूर्ण ऋण लगानीको प्रतिबद्धता जनाएको छ ।

एडिबी नेपाल आवासीय नियोगका निर्देशक आर्नोड कुश्वाले निर्णय प्रक्रियालाई तीव्रता दिन लगनशीलताका साथ काम गरिरहेको र नेपाल सरकारसँग बारम्बार वार्तामा संलग्न रहेको बताए । उनले दूधकोशी जलाशययुक्त जलविद्युत् आयोजना एक 'मेगा प्रोजेक्ट' र सार्क क्षेत्रको अहिलेसम्मको सबैभन्दा ठूलो बाँध आयोजना भएको भन्दै स्थानीय समुदायमा धैर्यता राख्न आग्रह गरे ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले नेपालको विद्युत् प्रणालीका लागि दूधकोशी महत्त्वपूर्ण आयोजना भएकोले एक वर्षभित्रमा (सन् २०२४ डिसेम्बर) एडिबीको नेतृत्वमा वित्तीय व्यवस्थापन गर्नेगरी काम भइरहेको बताए । यसका लागि अहिले प्राविधिक, वातावरणीय र सामाजिक विषयहरूलाई अन्तिम रूप दिने काम भइरहेको उनले उल्लेख गरे ।

कार्यक्रममा स्थानीय तहका जनप्रतिनिधिले आयोजना अगाडि बढ्न नसक्दा स्थानीयरूपमा विकास निर्माणका क्रियाकलाप ठप्प भएकाले आयोजनाका विषयमा रहेका अन्योलता तत्काल हटाउन आग्रह गरेका थिए । उनीहरूले आयोजनालाई अगाडि बढाउन स्थानीयरूपमा आवश्यक सहयोग र सहजीकरण गर्ने प्रतिबद्धता जनाएका थिए ।

कार्यक्रममा चिसङ्खुगढी गाउँपालिका, ओखलढुङ्गाका अध्यक्ष निशान्त शर्माले आयोजनाको लामो अध्ययन चरणलाई तीव्रता दिई जग्गाको मुआवजा वितरण र निर्माण तत्काल थालनी गर्नुपर्ने धारणा राखे । शर्माले यस क्षेत्र भौगोलिकरूपमा दुर्गम तथा आर्थिकरूपमा अविकसित रहेको र यसै आयोजनाका कारण पुल, सडक निर्माण जस्ता पूर्वाधार विकासका विभिन्न आयोजना ठप्प भएकाले बाहिरी बसाइँसराइको दर बढ्दै गएकामा चिन्ता व्यक्त गरे । उनले यस आयोजनालाई सफल पार्न स्थानीय तहको सम्पूर्ण सहयोग रहेको बताए ।

त्यसैगरी, खोटाङको हलेसी तुवाचुङ नगरपालिकाकी प्रमुख विमला राईले स्थानीय बासिन्दाको लामो समयको प्रतीक्षाको अन्त्य हुने विश्वास व्यक्त गर्दै यो आयोजनाको काम चाँडो शुरू हुने विश्वास व्यक्त गरे । प्रमुख राईले हलेसी तुवाचुङ नगरपालिका र खोटाङमा रहेको बसाइँसराइको प्रवृत्तिबारे जानकारी दिँदै आयोजना तत्काल शुरू भए बसाइँसराइको दरमा कमी आउन सक्ने सङ्केत गरे ।

उनले आफू र स्थानीय समुदायले यो आयोजना विभिन्न चरणमा अगाडि बढिरहेको र समयमै सम्पन्न गर्न आतुर रहेको बताए र यहाँको समुदाय यस आयोजनालाई सफल बनाउन मानसिक र भौतिकरूपमा तयार रहेको आश्वासन दिए ।

खोटाङको रावबेंसी गाउँपालिकाका अध्यक्ष फटिककुमार श्रेष्ठले आयोजनाबाट प्रभावित जनताको जीविकोपार्जनमा सुधार आउने आशा व्यक्त गरे । उनले आयोजना छिट्टै शुरू हुनेमा आफू पनि विश्वस्त रहेको बताए । श्रेष्ठले आयोजनालाई प्रभावित जिल्लाका हरेक व्यक्तिले सहयोग गर्न तयार रहेको प्रतिबद्धता जनाए ।

(बाँकी चौथो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४८

# अर्थ - उद्योग - वाणिज्य

## नेपाल आर्थिक सङ्कटको सँघारमा

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**हामीले विगतबाट धेरै कुरा सिकिसकेका छौं । नेपाललाई आर्थिक सङ्कटबाट जोगाउन, आर्थिकरूपमा टाट पल्टिन नदिन अब नेताहरूले, दलहरूले मिलेर कार्य गर्नुको विकल्प छैन । यदि स्थिति यस्तै रहने हो भने नेपालको दुई तिहाइ जनसङ्ख्या विश्वका अनेक देशमा छरिने स्थिति हामीले देख्नुपर्नेछ ।**

नेपाल आर्थिक सङ्कटको ज्यादै नजीक पुग्न थालेको आशङ्का व्यक्त गर्न थालिएको छ । सम्बन्धित क्षेत्रका विज्ञहरूले त्यस्तो हुन थालेकोमा चिन्ता व्यक्त गरिरहेका छन् र सरकार एवं सम्बन्धित पक्षलाई सतर्क र सचेत पनि पारिरहेका छन् । तत्काल आर्थिक सुधारका कार्यक्रमहरू निर्माण एवं कार्यान्वयन नगर्ने हो भने नेपालको आर्थिक स्थिति लेबेनानको जस्तो हुने पक्का छ । लेबेनान, अदूरदर्शी नेताहरूको स्वार्थी व्यवहारले गर्दा आर्थिक रूपमा सङ्कटग्रस्त छ । जनताको हातमा पैसा छैन भने सामानहरूको मूल्य आकाशिएको छ ।

नेपाल आर्थिक सङ्कटको नजीक पुग्नुका तीन प्रमुख कारणहरू छन् । ती हुन्– १. विश्व अर्थ व्यवस्थामा आएको समस्या २. अति निराश युवा जनशक्ति र ३. अस्थिर सरकार एवं सत्तामुखी नेताहरूको क्षुद्र व्यवहार ।

विश्व अर्थ व्यवस्था अहिले आफैं सङ्कटग्रस्त छ । संसारको सर्वाधिक ठूलो अर्थतन्त्र अमेरिका, जसलाई 'इकोनोमिक पावर हाउस' भनिन्छ, अप्रत्यक्षरूपमा दुईवटा युद्धमा संलग्न छ । अमेरिकाले इजराइल र युक्रेनलाई सैन्य र आर्थिक सहयोग गरिरहेको छ । अमेरिकाभित्र नै पनि अनेक आर्थिक समस्याहरू देखिएका छन् । अमेरिकीहरूले दशकौं यताको ठूलो मुद्रास्फीतिको सामना गरिरहेका छन् । दैनिक आवश्यक वस्तुहरूको मूल्य, केही क्षेत्रहरूमा, २० प्रतिशतले वृद्धि भएको छ । अहिले अमेरिकाको पनि आर्थिक स्थिति राम्रो छैन । संसारकै लागि ठूलो अन्न भण्डार मानिने युक्रेन अहिले युद्धमा व्यस्त छ । अस्तव्यस्त छ । चीनको अर्थ व्यवस्था पनि सङ्कटग्रस्त छ । युक्रेनसँग चलिरहेको निरन्तर युद्धले गर्दा रूसी अर्थ व्यवस्था पनि कमजोर हुन पुगेको छ । थुप्रै एशियालीहरूलाई रोजगार दिने इजराइल अहिले हमाससँग दोहरो भिडन्तमा लागेको छ । एशियाका ठूला अर्थ व्यवस्थाहरूमध्ये एक भारतको आर्थिक स्थिति पनि उत्साहप्रद छैन, खस्किंदो छ । अफ्रिकी देशहरू पनि आआफ्नै आर्थिक समस्याले पिरोलिएका छन् । दक्षिणी अमेरिकी देशहरू आआफ्नै आन्तरिक कलहमा व्यस्त छन् । अर्जेन्टिनाको आर्थिक स्थिति सोचनीय छ । अहिले विश्वभरिका राष्ट्रहरू कुनै न कुनै रूपमा सङ्कटग्रस्त छन् । आर्थिक रूपमा कमजोर छन् ।

यद्यपि अडकलबाजी हा– तर पनि, अब तेस्रो विश्वयुद्ध हुन सक्छ भन्नेहरू पनि थुप्रै छन् । युद्ध होला वा नहोला, तर अहिलेको जस्तो, अनिश्चित वातावरणले लगानीकर्ताहरूलाई लगानी गर्न प्रेरित भने गर्दैन । त्यसकारण तेस्रो विश्वयुद्ध हुन सक्ने आम मनोविज्ञानले पनि विश्व अर्थ व्यवस्थालाई अति प्रभावित गरिरहेको छ । लगानीकर्ताहरूलाई लगानी गर्न अनिच्छुक बनाइरहेको छ । लगानीकर्ता एवं उद्यमीहरू लगानी गर्न एवं व्यवसाय गर्न तत्पर नहुनु विश्व अर्थ व्यवस्थाको लागि अति खराब स्थिति हो । अहिले विश्व अर्थ व्यवस्था समस्यग्रस्त छ । भन्ने हो भने अहिले अप्रत्यक्षरूपमा तेस्रो विश्वयुद्धको स्थिति छ ।

समस्याग्रस्त वर्तमान विश्व अर्थ व्यवस्थाको नकारात्मक प्रभाव नेपालको अर्थ व्यवस्थामा पनि परिरहेको छ र नेपालको अर्थ व्यवस्थालाई सङ्कटग्रस्त बनाउन योगदान पुर्‍याइरहेको छ । वर्तमान विश्व अर्थ व्यवस्थामा अनिश्चितता देखिएको कारणले नै नेपालमा उद्यमीहरू लगानी गर्न तत्पर देखिएका छैनन्, जबकि नेपालका वाणिज्य बैंकहरूसँग लगानी गर्न पर्याप्त पैसा छ । अति नै तरलता छ । हुनत नेपालमा लगानी गर्न चाहनेहरू बढी त्रसित र चिन्तित, नेपालको अस्थिर राजनीति र अनिश्चितताबाट छन् ।

नेपालका युवाहरूमा आएको डरलाग्दो किसिमको निराशाको स्थितिले पनि नेपालको अर्थ व्यस्थालाई सङ्कटग्रस्त पार्न महत्त्वपूर्ण भूमिका खेलिरहेको छ । स्वदेशमा आफ्नो भविष्य असुरक्षित देखेर युवाहरू अहिले रोजगारका लागि ठूलो सङ्ख्यामा विदेशतिर लागिरहेका छन् । नेपाली युवाहरू रोजगारका लगि त्यस्ता देशमा पनि पुगिरहेका छन् जहाँ युद्ध, गृहयुद्ध तथा अनेक किसिमका समस्या छन् । केही दिन पहिले मात्र रोजगारका लागि इजराइल पुगेका नेपालीहरूमध्ये १२ जनाको हमासको आक्रमणमा परी मृत्यु भएको थियो । देशको अर्थतन्त्रलाई सही दिशामा डोर्‍याउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने युवाहरू ठूलो सङ्ख्यामा विदेशतिर लाग्नु ज्यादै दुःखद स्थिति हो ।

स्वदेशमा आफ्नो भविष्य अन्धकारमय देखेर रोजगारका लागि विदेश जाने क्रममा नेपाली युवाहरू रूसी सेनामा समेत भर्ति भएका छन् । अति हताश र निराश नेपाली युवाहरू रूसी सेनामा भर्ति हुनु, भाडाको सैनिक बन्नु, नेपालकै इतिहासमा अति दुःखद स्थिति हो । अकल्पनीय घटना हो ।

रूसको पक्षमा युक्रेनसँग युद्ध गर्न नेपाली युवाहरू रूसी सेनामा भर्ति भएको स्थितिले नेपाली युवाहरू चरम निराशामा परेको थप पुष्टि हुन्छ । हालै रूसी सेनामा भर्ति भएर रूसका लागि युक्रेनसँग युद्ध गर्न पुगेका नेपालीहरूमध्ये एक युवकको मृत्यु भएको तथा अर्का एक युवकलाई युक्रेनको सेनाले बन्दी बनाएको खबर संसारभरि फैलिएको छ । नेपाली युवा, विवेक खत्री, रूसको पक्षमा युद्ध गर्ने क्रममा युक्रेनी सैनिकद्वारा बन्दी बनाइएको र हाल उनी युक्रेनको एक जेलमा रहेको पुष्टि केही दिन पहिले मात्र युक्रेनी अधिकारीहरूले गरेका छन् ।

नेपाली युवाहरू यतिसम्म निराश भएका छन् कि भाडाको सैनिक भएर युद्ध गर्न पनि हच्किरहेका छैनन् । युद्धग्रस्त क्षेत्रमा गएर, ज्यानको बाजी थापेर, युद्ध गर्न डराइरहेका छैनन् । जब मानिस चरम निराशामा पुग्छ, डर हराउँछ र ठूलो जोखिम मोल्न पनि धरमराउँदैन ।

नेपाली युवाहरूलाई चरम निराशाको स्थितिमा पुर्‍याउने कार्य नेपालको अनिश्चित राजनीतिले गरेको हो । नेपालको राजनीतिले भन्दा पनि तिनका नेताहरू पुष्पकमल दहाल, शेरबहादुर देउवा र केपीशर्मा ओलीको स्वार्थी र अदूरदर्शी व्यवहारले गरेको हो । नेपालको राजनीतिलाई आफूले चाहेको दिशामा डोर्‍याउने क्षमता र चातुर्य भएका यी तीन नेताहरूको व्यवहारले गर्दा नै नेपालको अर्थतन्त्र सङ्कटको सँघारसम्म पुग्न थालेको हो । यी तीन नेताहरूको व्यवहारले गर्दा नै यस्तो भएको हो । हुनत यस्तो हुनुमा नेपालका अन्य नेताहरू पनि जिम्मेवार छन्, तर यी तीनको भूमिका भने अति महत्त्वपूर्ण छ । यी तीनमध्ये पनि पुष्पकमल दहालको भूमिका सर्वाधिक महत्त्वपूर्ण छ । पुष्पकमल, नेपालको राजनीतिमा सक्रिय रहेसम्म न यो देशमा स्थिरता आउँछ, न यो देशको आर्थिक नै विकास हुन्छ ।

नेपालको अर्थ व्यवस्थालाई सङ्कटको नजीक पुर्‍याउन नेपालको राजनीतिले पनि महत्त्वपूर्ण भूमिका खेलेको छ । २०४७ सालमा भएको राजनीतिक परिवर्तनपछि अस्थिर हुन प्रारम्भ भएको नेपालको राजनीति २०५२ सालपछि, माओवादीले प्रारम्भ गरेको तथाकथित जनयुद्धपछि, झनै अस्थिर भयो । माओवादीहरूले आर्थिक विकासका संचरनाहरू ध्वस्त पार्न थालेपछि भरखर हिंड्न थालेको नेपालको अर्थ व्यवस्था थचक्क बस्ने स्थितिमा पुगेको थियो ।

वर्तमानको राजनीतिक व्यवस्थाले न स्थिर राजनीति नै दिन सक्छ, न इमानदार नेता नै उत्पादन गर्न सक्छ । यो राजनीतिक व्यवस्थामा आमूल परिवर्तन आवश्यक छ । समानुपातिक व्यवस्था र सङ्घीयता भएसम्म नेपालको राजनीतिले गति लिन सक्तैन । यो तत्काल खारेज गर्न आवश्यक छ । यी दुई व्यवस्थाले नेपाललाई आर्थिकरूपमा कङ्गाल पार्न र जनतालाई निराश बनाउन महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

सर्वाधिक उत्तम उपाय त एउटा राष्ट्रिय सरकार गठन गरेर, दलहरूले प्राप्त गरेका मत र सिटको आधारमा उनीहरूलाई सरकारमा सामेल गराएर, एउटा साझा सहमतिद्वारा देशको शासन व्यवस्था सञ्चालन गर्नु राम्रो हुने थियो । यस्तो गर्न सके सङ्कटापन्न नेपालको अर्थतन्त्रलाई जोगाउन सकिन्थ्यो । तर यस्तो हुन सक्तैन । यद्यपि गर्नुपर्ने यही हो । नेपाललाई आर्थिक सङ्कटबाट जोगाउन दलहरूबीच एउटा साझा सहमति हुन आवश्यक छ । सहमति मात्र एउटा अन्तिम तर अति महत्त्वपूर्ण उपाय हो । यस्तो नहुने हो भने थप युवाहरू रूसी सेनामा भर्ती हुनेछन्, युद्धभूमिमा मारिने छन् । मरेका आत्माहरूले नेताहरूलाई सराप्ने छ । यति मात्र हुनेछ ।

आर्थिक विकासका लागि एवं देशलाई आर्थिक सङ्कटबाट जोगाउन जति महत्त्वपूर्ण भूमिका नेताहरूले खेल्न सक्छन् त्योभन्दा बढी जनताले पनि खेल्न सक्छ । कसरी ? देशलाई आर्थिक सङ्कटबाट जोगाउन नेताहरूमाथि, साझा सहमति कायम गर्न, दबाब दिन सक्छ । कार्यकर्ताहरू आफ्नो दल र नेताहरूलाई मिलेर अगाडि बढ्न दबाब दिन सक्छन् ।

दोष केवल नेताहरूलाई मात्र दिएर हुँदैन । यस्ता अविवेकी र स्वार्थी नेताहरूलाई चुनावमा विजयी गराउने, एकटै व्यक्तिलाई दुईपटक, तीनपटक, पाँचपटक प्रधानमन्त्री बनाउने जनतालाई पनि दोष दिनुपर्छ । नेपालको राजनीतिलाई अस्थिर बनाउन जनताको पनि हात छ । यो कुरा हामीले स्विकार्नुपर्छ । एउटै व्यक्तिलाई पाँचपटक देशको प्रधानमन्त्री हामी जनताले नै बनाएको होइन ? एउटै व्यक्ति पटकपटक चुनावमा विजयी हुने स्थिति हामीले नै तयार पारेको होइन ?

हामीले विगतबाट धेरै कुरा सिकिसकेका छौं । नेपाललाई आर्थिक सङ्कटबाट जोगाउन, आर्थिकरूपमा टाट पल्टिन नदिन अब नेताहरूले, दलहरूले मिलेर कार्य गर्नुको विकल्प छैन । यदि स्थिति यस्तै रहने हो भने नेपालको दुईतिहाई जनसङ्ख्या विश्वका अनेक देशमा छरिने स्थिति हामीले देख्नुपर्नेछ ।

## इँटा व्यवसायीद्वारा अर्थमन्त्रीलाई ज्ञापन


तस्वीरः सौजन्य

प्रस, वीरगंज, १६ कात्तिक/

पर्सा इँटा व्यवसायी सङ्घले पर्साका सहायक प्रमुख जिल्ला अधिकारीमार्फत अर्थमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ ।

सङ्घका अध्यक्ष ओमप्रकाश यादव नेतृत्वको टोलीले सप्रजिअ शिवप्रसाद लम्सालमार्फत अर्थमन्त्री प्रकाशशरण महतलाई ज्ञापनपत्र बुझाएको हो ।

ज्ञापनपत्रमा आर्थिक सङ्कटको अवस्थालाई मनन गरी इँटा उद्योगीहरूले भोगिरहेका वित्तीय समस्यालाई सम्बोधनका लागि पहल गर्न, बैंक तथा वित्तीय संस्थाहरूबाट ऋण लगानी, पुनर्कर्जा लगानी हुन नसकेकाले उद्योगी, व्यवसायी एवं सर्वसाधारण मर्कामा परेका र सोको प्रत्यक्ष असर इँटा व्यवसायमा परेकोले तत्कालका लागि बैंकको ब्याजदरलाई एक अङ्कमा राख्न अनुरोध गरिएको छ ।

ज्ञापनपत्र बुझाउन सङ्घका उपाध्यक्ष नवलकिशोर चौरसिया, प्रदीप यादव, महासचिव रामदयाल साह कानु, कोषाध्यक्ष एवं केन्द्रीय सदस्य रामअशिष चौरसिया, प्रदेश सदस्य ओमप्रकाश यादव, सल्लाहकार सीताराम उपाध्याय, अब्दुल हकिम, खैरुला अन्सारी, सदस्य जीतेन्द्र मिश्रलगायतको सहभागिता थियो ।

## नेप्से परिसूचकको ओरालो यात्रा जारी

काठमाडौं, १६ कात्तिक/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीवार पनि ओरालो लागेको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक १० दशमलव ८६ अङ्कले ओरालो लागेर एक हजार ८४७ दशमलव ७० मा सीमित भएको छ ।

ठूला कम्पनीको कारोबार मापक सेन्सेटिभ परिसूचक दुई दशमलव १९ अङ्कले ओरालो लागेर ३५७ दशमलव ७६ मा सीमित भएको छ । कारोबार भएका कुल १३ उपसमूहमध्ये दुई उपसमूहको शेयर मूल्य उकालो लाग्दा ११ उपसमूहको शेयर मूल्यमा भने गिरावट आएको छ ।

कुल ३७ लाख ४९ हजार ९५४ कित्ता शेयर रु ९६ करोड ४४ लाख ७७ हजार ७११ मूल्यमा कारोबार भयो । कारोबारका आधारमा आशा लघुवित्त शीर्ष स्थानमा छ । सो कम्पनीको रु १० करोड १० लाख बराबरको कारोबार भयो । यस्तै, प्राइम बैंक रु छ करोड ४५ लाख ५२ हजार ५५१, सोनापुर मिनरल्स रु चार करोड ४९ लाख ६८ हजार ९०७, सोल्टी होटल रु दुई करोड ७९ लाख ८१ हजार ७६४ र हाथवे इन्भेस्टमेन्टको रु दुई करोड ६४ लाख ३१ हजार बराबरको कारोबार भई शीर्ष पाँचमा पर्न सफल भए ।

नेप्सेका अनुसार चन्द्रागिरि हिल्स छ दशमलव शून्य चार, हिमालयन लघुवित्त पाँच, एनआइबिएल प्रगति फन्ड चार दशमलव ९६, सोल्टी होटल चार दशमलव ७७ र एनआइसी एशिया ग्रोथ फन्डका लगानीकर्ताले चार दशमलव ७२ प्रतिशतले कमाएका छन् ।

यस्तै, सयपत्री हाइड्रोपावर १०, रावा इनर्जी सात दशमलव ४६, बुद्धभूमि नेपाल हाइड्रोपावर पाँच दशमलव ९१, सामलिङ पावर चार दशमलव ८२ र सुपर मादी हाइड्रोपावरका लगानीकर्ताले चार दशमलव ७३ प्रतिशतले गुमाएका छन् ।



**अक्टोपस झरनाः** लमजुङको बेंसीशहर–चामे सडकस्थित मर्स्याङ्दी गाउँपालिका–४ च्याम्चेमा रहेको अक्टोपस झरना । उक्त झरना अवलोकन गर्न दैनिक ३०० देखि ५०० सम्म आन्तरिक तथा विदेशी पर्यटक आउने गर्छन । तस्बिरः रासस

## पर्सामा महिला उद्योगी व्यवसायी थपिंदै

वीरगंज (पर्सा), १६ कात्तिक/रासस

पर्साको पोखरिया नगरपालिका–७ की सुनीताकुमारी साह यतिबेला गाउँनजीकैको चोकमा पसल सञ्चालन गरिरहेकी छन् । गत भदौ २१ गते घरेलु तथा साना उद्योग कार्यालयमा उनले पसल दर्ता गराएकी हुन् । साह यतिबेला असल गृहणीसँगै सफल व्यापारी बन्ने अभियानमा जुटेकी छन् ।

सुरुआतमा पतिलाई सञ्चालक बनाएर पसल दर्ता गराउने सोचमा रहेकी साहले सरकारले दिएको छुट सुविधाका कारण आफ्नै नाममा पसल दर्ता गराएको बताइन् ।

यसैगरी, सीप नभएपछि घरकै काममा मात्र सीमित रहँदै आएकी ठोरी गाउँपालिका–४ की अम्बिका श्रेष्ठले पनि यतिबेला आफ्नै नाममा फेन्सी स्टोर्स दर्ता गराएर व्यवसाय गर्दै आएकी छन् । सुनीता र अम्बिका मात्रै होइन, सरकारले उद्योग र व्यवसायी दर्ता दस्तुरमा महिलालाई छुट दिएपछि पर्सामा महिला उद्योगी–व्यवसायीको सङ्ख्या बढ्दै गएको छ । कुनै बेला महिलालाई सञ्चालक बनाएर उद्योग दर्ता गराउने सङ्ख्या न्यून रहेको पर्सामा विगत केही समययता महिलालाई नै मुख्य सञ्चालक बनाएर उद्योग–व्यापार दर्ता गराउने क्रम बढेको पाइएको छ ।

सरकारले राजपत्रमा सूचना प्रकाशित गरी महिला सञ्चालक भएको कारोबारको उद्योग व्यवसायीका दर्तामा ३५ प्रतिशत मात्र दस्तुर लाग्ने व्यवस्था गरेपछि उनीहरूलाई सञ्चालक बनाएर उद्योग–व्यापार दर्ता गराउने क्रम बढेको घरेलु तथा साना उद्योग कार्यालय, वीरगंजका प्रमुख धनञ्जयकुमार सिंहले बताए ।

"दैनिक १० देखि १२ वटासम्म नयाँ उद्योग–व्यापार दर्ता हुने गरेको छ, करीब ७० प्रतिशत उद्योग–व्यापार महिलाकै नाममा दर्ता हुने गरेको छ," उनले भने । पुरुषको नाममा उद्योग–व्यापार दर्ता गराउँदा बढी दस्तुर लाग्ने भएकाले महिलालाई मालिक बनाएर व्यापार दर्ता गराउने क्रम बढेको छ ।

घरेलु तथा साना उद्योग कार्यालयका अनुसार चालू आर्थिक वर्ष २०८०/८१ को तीन महीनामा जिल्लामा ३०१ नयाँ उद्योग दर्ता भएकामा १२९ व्यवसायको मालिक महिला नै छन् । चालू आव २०८०/८१ को तीन महीनामा सेवामूलक ११९, कृषिमूलक ६१, उत्पादनमूलक ५०, निर्माणमूलक ४५ र पर्यटनसम्बन्धी २६ वटा नयाँ उद्योग दर्ता भएका कार्यालयका सूचना अधिकारी सविता खड्काले जानकारी दिइन् । नयाँ उद्योग दर्ता, नवीकरणलगायतका शीर्षकबाट रु २१ लाख ९१ हजार राजस्व सङ्कलन भएको

(बाँकी चौथो पातामा)

# उत्पादकत्व वृद्धिका लागि वैदेशिक लगानी

अर्थ-उद्योग-वाणिज्य

शीतल महतो
shitalmahato@gmail.com

**अहिलेको परिस्थितिमा उद्यमशीलता नै सिर्जना हुन सकेको छैन। उद्यमशीलता मर्न थाल्नु र उद्यमीको मनोबल गिर्नु सबल अर्थतन्त्रका चुनौती हुन्। त्यसैले उद्योग स्थापनाका लागि स्वदेशी तथा विदेशी लगानीलाई प्रोत्साहित गर्न सक्नुपर्छ।**

नेपालजस्तो विकासोन्मुख मुलुकको समृद्धिका लागि वैदेशिक लगानी महत्त्वपूर्ण विषय हो। आर्थिक-सामाजिक रूपान्तरणका लागि विकासोन्मुख मुलुकमा पूँजीको अभाव हुने हुँदा विकासको पूर्वाधार निर्माणका लागि सरकारले आवश्यक पूँजी लगानी गर्न सक्दैन भने निजी क्षेत्रले पनि आफ्नो पूँजी विकासको कार्यमा लगानी गर्न चाहँदैन। त्यसैले मुलुकको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि विभिन्न सहुलियत तथा सुविधा दिएर विदेशी लगानीको वातावरण सहज बनाइएको हुन्छ। यसले पूँजीमात्र उपलब्ध नभई व्यवस्थापकीय क्षमता, प्राविधिक जनशक्ति, प्राविधिक ज्ञान, प्रशासनिक दक्षता, नयाँ उत्पादन विधि, व्यावसायिक संस्कार पनि मुलुकमा भित्रिन्छ।

नेपालले पनि आर्थिक उदारीकरणको नीति अवलम्बन गरेपछि थोरै मात्रामा २०४० सालदेखि र विशेषगरी २०४८ सालपछि बहुदलीय व्यवस्था अनुरूप बनेको निर्वाचित सरकारले प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्ने विषयलाई राष्ट्रिय प्राथमिकतामा पार्न थालेको हो। त्यसै बेलादेखि नेपालमा विदेशी लगानीमा बैंकहरू खुल्ने क्रम आरम्भ भएको हो। यसरी नेपालमा प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउने नीतिगत प्राथमिकताको इतिहास चार दशक लामो भएको छ। तर, नेपालमा वास्तविकरूपले भित्रिएको रकम, परिमाणका दृष्टिले भने बिलकुलै आकर्षक छैन। वास्तवमा प्रत्यक्ष वैदेशिक लगानी आकर्षित गर्ने अपेक्षामा जति महत्त्वाकाङ्क्षी भएर नेपालले आफ्नो नीति, योजना र वार्षिक बजेटमा स्थान दिने र चर्चा गर्ने गरेको छ, त्यति प्रभावकारी नभएको सत्य विभिन्न तथ्याङ्कहरूले उजागर गरिसकेका छन्। विगतमा सरकारले नै आयोजन वा प्रायोजन गरेका लगानी सम्मेलन, पूर्वाधार सम्मेलन आदिले पनि वैदेशिक लगानीको प्रतिबद्धता नै न्यून हुने र प्रतिबद्धता भएकामध्ये आधा पनि प्रत्याभूत नहुने परिस्थितिलाई तात्त्विक सुधार गर्न सकेनन्।

अर्थ मन्त्रालयका अनुसार गत आर्थिक वर्ष (२०७९/८०) मा नेपालले दुई खर्ब १६ अर्ब रुपियाँभन्दा बढीको वैदेशिक सहायताको प्रतिबद्धता पाएको थियो। तीमध्ये एक खर्ब २३ अर्ब ४१ करोड ७६ लाख रुपियाँ मात्र उपभोग गर्न सकेको थियो। यो कुल प्रतिबद्धताको आधा रकम मात्र देखिन्छ। आर्थिक वर्ष २०७८/७९ को तुलनामा गत आर्थिक वर्षमा यस्तो सहायता उपयोगमा १६.१ प्रतिशतले कम भएको तथ्याङ्क छ। गत आर्थिक वर्षमा खर्च गरिएको वैदेशिक सहायता रकममध्ये अनुदानतर्फ २१ अर्ब २९ करोड ७५ लाख र ऋणतर्फ एक खर्ब दुई अर्ब १२ करोड एक लाख रुपियाँ खर्च भएको अर्थ मन्त्रालयले सार्वजनिक गरेको तथ्याङ्कमा उल्लेख छ। वैदेशिक सहायताको अनुदान रकममा नै १७.८ प्रतिशतले कमी आउनु भनेको सानो कुरा होइन। यो वैदेशिक सहायता प्रतिबद्धता बढ्यो भनेर खुशी हुने अवसर होइन। रकमको अङ्क बढेर केही हुँदैन। त्यो त उपलब्धिमा परिणत हुनुपर्छ। अनि मात्र खुशी मनाउँदा उपयुक्त हुन्छ।

विगतका वर्षहरूमा पनि वैदेशिक सहायता प्रतिबद्धता प्रत्येक वर्ष बढ्दै गएको तर यसको उपयोग भने घटिरहेको देखिन्छ। आर्थिक वर्ष २०७८/७९ मा यस्तो प्रतिबद्धता दुई खर्ब ३७ अर्ब ९१ करोड रुपियाँ आएको थियो। त्यसबाट एक खर्ब ४७ अर्ब चार करोड ७६ लाख रुपियाँ मात्र उपयोग भएको सरकारी तथ्याङ्क छ। यो वर्ष प्राप्त वैदेशिक सहायता रकममध्ये २५ अर्ब ९१ करोड ६६ लाख रुपियाँ अनुदान गरी कुल एक खर्ब २१ अर्ब १३ करोड १० लाख रुपियाँ ऋणको रकम खर्च भएको देखिन्छ। यो भनेको आर्थिक वर्ष २०७७/७८ को तुलनामा ६.७ प्रतिशत कम खर्च भएको हो। विशेषगरी पछिल्लो समयमा देखिएको विश्वव्यापी आर्थिक सङ्कटका कारण वैदेशिक लगानी प्रतिबद्धतामा सङ्कुचन आएको हो। हुनत नेपालमा सोचेजस्तो विदेशी लगानीकर्ता आकर्षित हुन नसक्नु र निर्यात प्रवर्द्धन नहुनुमा विशेषत: मुलुकभित्रको राजनीतिक, आर्थिक र प्रशासनिक वातावरण जिम्मेवार छ। त्यस्तै गत आर्थिक वर्षमा मुलुकको आम्दानी अनुमानभन्दा करीब चार खर्ब रुपियाँ कम भएको तथ्याङ्क छ। यसले आन्तरिक ऋणमा दबाब परेको अर्थ मन्त्रालयको भनाइ छ। चालू आर्थिक वर्षको पहिलो त्रैमासिकमा पनि त्यस्तो घाटामा सुधार आउन सकेको देखिन्न। यसैबेला आर्थिक क्षेत्रमा महत्त्वपूर्ण प्रभाव पार्ने वैदेशिक लगानीको अवस्था पनि दयनीय हुनु निश्चिय नै सबल अर्थतन्त्रका लागि राम्रो होइन। विशेषगरी विकास निर्माणमा विनियोजन गरिएको बजेटको खर्च ४० प्रतिशतभन्दा बढी हुन सकेको छैन।

कुल वैदेशिक लगानी प्रतिबद्धताको करीब ३० प्रतिशत रकम मात्रै मुलुकमा आउने गरेको पछिल्लो एउटा अध्ययनले देखाएको छ। यसले जस्तोसुकै लगानीयोग्य र उच्च प्रतिफल दिने तथा मुलुकका लागि अत्यावश्यक मानिने परियोजनाहरू त्यसै ओगटिने परम्परा बढिरहेको बुझाउँछ। हुनत नेपाल विकासमा ठूलो फडको मार्ने प्रचुर सम्भावना भएको मुलुक हो तर करीब चार दशकदेखि राजनीतिक अस्थिरता र अधिकारको आन्दोलनमैं बिताउँदा नेपालले सामाजिक तथा आर्थिक रूपान्तरणमा फडको मार्न नसकेको हो। विगत २६ वर्षमा सिंगापुर तेस्रो विश्वबाट पहिलो विश्व बन्यो तर नेपालमा जनताको समृद्धिको चाहना जस्ताको त्यस्तै रहेको छ। निश्चिय नै विकासको मोडल आफ्नै मौलिकता अनुसार हुनुपर्छ। भू-राजनीति, प्राकृतिक स्रोत, इतिहास, शासन प्रणाली, संस्कृति, सामाजिक परिवेश आदि कुनै न कुनै रूपले विकास र समृद्धिसँग जोडिएका हुन्छन्। तर विश्वमा विकास र समृद्धिको स्तर देखाउने बजार प्रतिस्पर्धा, भ्रष्टाचार निवारण, मानव विकास, सुशासन, नवपरिवर्तन, व्यवसाय सञ्चालन, जीवनयापनको गुणस्तर र बौद्धिक क्षमताको स्तर आदि एक दर्जनभन्दा बढी सूचकाङ्कहरूमा नेपालको अवस्था पुछारमा पर्नुले नेपाल किन आफ्नो सम्भावना अनुसार समृद्ध बन्न सकेन भन्ने प्रश्न उठ्नु स्वाभाविकै हो। हुनत विगत ३५ वर्षमा नेपालमा निजी क्षेत्र र खुला बजार अर्थतन्त्रको विकास त भयो तर सार्वजनिक र निजी क्षेत्रले प्रदान गर्ने शिक्षा र स्वास्थ्यजस्ता अत्यावश्यक मौलिक सेवाको गुणस्तरमा असमानता बढ्दै जानुलाई कुनै बहानामा राम्रो मान्न सकिंदैन।

नेपालमा बैंकदेखि दूरसञ्चारसम्मको विकासले कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको हिस्सा ६० प्रतिशतभन्दा बढी पुगेको छ तर औद्योगिक र कृषि क्षेत्रको उत्पादन खुम्चिंदै गएको छ। निजी क्षेत्रको विकासले बजार अर्थतन्त्रको निर्माण त भयो तर योसँगै आसेपासे पूँजीवाद पनि बढ्यो। बजार अर्थतन्त्रको सौन्दर्य भनेकै प्रतिस्पर्धा हो तर नेपालमा जतातत‌ै सिन्डिकेट प्रणाली विकसित भएको पाइन्छ। नेपालको ६० प्रतिशतभन्दा बढी जनसङ्ख्या युवा हुनु विकास र समृद्धिका लागि ठूलो अवसर हो। हरेक वर्ष नेपालमा चार लाखभन्दा बढी युवा श्रम बजारमा आउँछन् तर युवा-बेरोजगारी झन्डै २० प्रतिशत छ। नेपालको मूल आपूर्ति नै युवा भएका छन्। ३-४ लाख युवा हरेक वर्ष बाहिरिंदा आफ्नो विकास र समृद्धिका लागि चाहिने जनशक्तिको नेपालमा सदैव अभाव हुने गरेको छ। नेपालको अर्थतन्त्रको संरचना दुई धारको तरबारजस्तै छ। विप्रेषणबाट पैसा नआउँदा इन्धन, खाद्य र औषधिसम्मको आयात ठप्प हुने, अनि विप्रेषण बढ्दा अर्थतन्त्र उत्पादनभन्दा उपभोगवादी बढी हुने र आयात बढेर जाने गर्छ। आयात बढ्दा देशको राजस्व बढ्ने तर त्यही आयात बढ्दा व्यापार घाटा र परनिर्भरता पनि बढ्ने अवस्था छ। त्यसैले मुलुकको विकास र आर्थिक रूपान्तरण गर्नका लागि अब अर्थतन्त्रको संरचनामा नै परिवर्तन गर्नु आवश्यक देखिएको छ। यसका साथै पूँजीगत खर्च बढाउन, रोजगार सिर्जना गर्न र दोहोरो अङ्कको आर्थिक वृद्धि गर्न वर्तमान सरकारको प्रमुख कार्यभार हुनुपर्दछ।

अधिकांश मुलुकमा आर्थिक नीतिहरूको तर्जुमा गर्दा कार्यान्वयन पक्ष बलियो बनाउन सुशासनलाई मुख्य आधार स्तम्भ मानिन्छ। रूवान्डाको 'नेशनल स्ट्राटिजी फर ट्रान्सफर्मेशन' भन्ने सात वर्षीय योजनाले देशको रूपान्तरणलाई आर्थिक, सामाजिक र सुशासनमा बाँडेको छ। त्यसैले विकास र समृद्धिका लागि नेपाललाई पनि, अब राष्ट्रिय सहमतिमा आर्थिक नीति र सुशासनका लागि रूपान्तरणको दशक घोषणा गर्ने र सुधारको १० वर्षे रणनीति कार्यान्वयनमा ल्याउनुको विकल्प छैन। असल नियत र दृढ इच्छाशक्ति भए आर्थिक रूपान्तरणका लागि ८-१० वटा काम गरे पुग्छ। अर्थतन्त्रको संरचना बदल्न उद्योग र कृषि क्षेत्रको उत्पादनलाई प्राथमिकतामा राख्नुपर्छ। लगानीलाई उत्पादन र रोजगार विस्तारमा केन्द्रित गर्न वित्तीय क्षेत्र सुधारको महत्त्वाकाङ्क्षी कार्यक्रम शुरू गर्न सक्नुपर्दछ। वास्तवमा उत्पादनमा जोड दिने उन्नति नै दिगो विकास हो। बाँकी सबै व्यापार हो। विकासको पहिलो स्वरूप उत्पादन हो। उत्पादनका लागि उद्योगको आवश्यकता पर्दछ। यसले रोजगार बढाउँछ र गाउँ-शहर समृद्ध बनाउन सहयोग गर्छ। गाउँ-शहर समृद्ध भए मात्र समग्र मुलुकको दिगो विकास सम्भव हुन्छ। त्यसैले विदेशी उत्पादनको प्रयोगमा कमी ल्याउँदै स्वदेशी सीप, उत्पादन र सम्भावनाको बजारीकरण अहिलेको अपरिहार्य आवश्यकता हो।

हुनत उद्यमशीलताले नै दिगो आर्थिक विकास, स्वाधीन अर्थतन्त्र र पूँजी निर्माण गर्ने हो। अर्थतन्त्र सबल बनाउने हो। तर, अहिलेको परिस्थितिमा उद्यमशीलता नै सिर्जना हुन सकेको छैन। उद्यमशीलता मर्न थाल्नु र उद्यमीको मनोबल गिर्नु सबल अर्थतन्त्रका चुनौती हुन्। त्यसैले उद्योग स्थापनाका लागि स्वदेशी तथा विदेशी लगानीलाई प्रोत्साहित गर्न सक्नुपर्छ। यसका साथै वैदेशिक रोजगारमा देखिएको आकर्षणलाई विकर्षणमा बदलेर युवाका लागि गाउँमैं बस्ने र गरीखाने वातावरण सिर्जना गर्नु सरकारको प्रमुख कार्यभार हुनुपर्दछ। औद्योगिक प्रवर्द्धन तथा उद्यमशीलताको माध्यमबाट रोजगार सिर्जना गरी मुलुकको आर्थिक तथा सामाजिक रूपान्तरण गर्ने कार्यमा सरकारको अर्जुनदृष्टि हुनुपर्दछ। विदेशी लगानी भित्र्याउने रणनीतिको उद्देश्य पनि उत्पादकत्व वृद्धि र आर्थिक विस्तारकै लागि हुनुपर्छ। अहिले नेपाल राष्ट्र बैंकले सीमा घटाउन गरेको नीतिगत परिवर्तन यी उद्देश्यभन्दा तत्काल विदेशी मुद्रा सञ्चितिमा परेको चाप कम गर्न प्रेरित भएको देखिन्छ। लगानी नीतिलाई उत्पादकत्वभन्दा फरक उद्देश्य प्राप्तिको औजार बनाइयो भने त्यसले परिणाम दिंदैन र थप विकृति जन्माउँछ। त्यसैले औद्योगिक प्रवर्द्धन तथा उद्यमशीलताको माध्यमबाट रोजगार सिर्जना गरी समतामूलक एवं दिगो आर्थिक विकास हासिल गर्नका लागि वर्तमान सरकारले प्रत्यक्ष वैदेशिक लगाानीको उचित वातावरण बनाउन सक्नुपर्दछ।



चितवनको इच्छाकामना गाउँपालिका-६ स्थित जलबीरे लामो झरनामा क्यानोनिङमा रमाउँदै पर्यटक। तस्बिर: हीरालाल गुरुङ/रासस

# नेपालको स्वास्थ्य प्रणालीलाई सुधार गर्न विश्व बैंकद्वारा सहयोग

काठमाडौं, १६ कात्तिक/रासस

नेपालको स्वास्थ्य प्रणालीको गुणस्तर, पहुँच र उत्थानशीलता सुदृढीकरण गर्न विश्व बैंकले अन्तर्राष्ट्रिय विकास संस्था (आइडिए)बाट १० करोड अमेरिकी डलर बराबरको सहुलियतपूर्ण ऋण उपलब्ध गराउने भएको छ।

यस्तै, स्वास्थ्य आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य कोष (एचइपिआरटिएफ)बाट ३८ लाख ४० हजार अमेरिकी डलर बराबरको अनुदान सहयोग उपलब्ध गराउने भएको छ। द्विपक्षीय वित्तीय सम्झौता बिहीवार विद्युतीयरूपमा आदानप्रदान गरिएको छ। ती सम्झौतामा यही कात्तिक १० गते विद्युतीय हस्ताक्षर गरिएको थियो। नेपालमा विश्व बैंकद्वारा वित्तीय लगानी गरिएको यो पहिलो विद्युतीय हस्ताक्षरित आयोजना हो।

नेपाल गुणस्तर स्वास्थ्य प्रणाली कार्यक्रम सञ्चालन सम्झौतामा अर्थ सचिव कृष्णहरि पुष्कर र माल्दिभ्स, नेपाल र श्रीलङ्काका लागि विश्व बैंकका राष्ट्रिय निर्देशक फारिस हदाद-जेर्भोसले हस्ताक्षर गरेका थिए।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले यो कार्यक्रम सङ्घीय तहको स्वास्थ्य बीमा बोर्ड र कोशी तथा गण्डकी प्रदेशका छनोट गरिएका प्रदेश तथा स्थानीय तहसँगको समन्वयमा कार्यान्वयन गर्नेछ।

कार्यक्रमले गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न स्वास्थ्य प्रणालीको तत्परतामा सुधार, स्वास्थ्य बीमाको पहुँच अभिवृद्धि र छनोट गरिएका प्रदेश तथा स्थानीय तहमा स्वास्थ्य आपत्कालीन पूर्वतयारी एवं प्रतिकार्य क्षमता सुदृढीकरण गर्ने कार्यमा जोड दिन्छ। "गुणस्तरीय स्वास्थ्य सेवा मानवपूँजी विकासको आधारशीला हो। नेपाल गुणस्तर स्वास्थ्य प्रणाली कार्यक्रम सञ्चालनद्वारा तय गरिएको वृहत् सुधारका एजेन्डा उच्च गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच अभिवृद्धि गर्न निर्णायक हुनेछ," अर्थसचिव पुष्करले भने।

नेपालमा सङ्कटापन्न जनतालाई संरक्षण गर्ने र उन्नत उत्पादकत्व र दिगो आर्थिक वृद्धिको मेरुदण्डका रूपमा रहेको मानवपूँजीको सुदृढीकरणका लागि योगदान गर्ने उत्थानशील र समावेशी जनस्वास्थ्य प्रणाली निर्माण गर्न हामी सरकारसँग मिलेर काम गर्न प्रतिबद्ध रहेको माल्दिभ्स, नेपाल र श्रीलङ्काका लागि विश्व बैंकका राष्ट्रिय निर्देशक जेर्भोसले बताए।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

| चिकित्सकको नाम | सम्पर्क नं. | आबद्ध स्वास्थ्य सेवा |
|---|---|---|
| १. डा. सागरमान अमात्य | ५२१७९६ | सर्वोत्तम अस्पताल |
| २. डा. अशोक दास | ५३४४०३ | आशाराम हस्पिटल, पानीटङ्की-१० |
| ३. डा. आनन्दकुमार झा | ०५१-५३०५२० | दसतल्ले भवनको गेटनजिक, बिर्ता |
| ४. डा. श्यामसुन्दर दास | | |
| ५. डा. प्रवीण सिंह | ९८११८४२९४६ | ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज |

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज-४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र ९८४९४१११९६ नारायणी आयुर्वेद औषधालय, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।
सम्पर्क: बजार व्यवस्थापक जीतेन्द्र पटेल मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३


## दूधकोशी ...

दूधकोशी जलविद्युत् कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत विमल गुरुङले आयोजनाको ऐतिहासिक सन्दर्भ, मुख्य प्रस्तावित संरचना तथा आयोजनाको प्रगतिको वर्तमान अवस्थाका बारेमा जानकारी दिएका थिए।

उनले आयोजनाको काम शुरू गर्न आफ्नो दृढता प्रतिबद्धता व्यक्त गर्दै एडिबीबाट चाँडोभन्दा चाँडो आर्थिक सहयोग प्राप्त हुने आशा व्यक्त गरे। गुरुङले आयोजनाले पहुँच सडक, पुल, र अन्य सम्बन्धित पूर्वाधार निर्माण र मर्मतसम्भार जस्ता अन्य विभिन्न गतिविधिहरू समेट्ने उल्लेख गरे।

आयोजना निर्माणबाट खोटाङ, ओखलढुङ्गा र सोलुखुम्बु जिल्लाका तीन हजार १३९ घरधुरी प्रभावित हुनेछन्। जसमध्ये २३८ घरधुरी पूर्ण, दुई हजार ९०१ घरधुरी आंशिकरूपमा प्रभावित हुनेछन्।

आयोजनाका लागि करीब ३० हजार रोपनी जग्गा अधिग्रहण गर्नुपर्ने छ। जग्गा अधिग्रहणका लागि प्रक्रिया अगाडि बढाइएको छ।

आयोजनाबाट वार्षिकरूपमा तीन अर्ब ४४ करोड युनिट विद्युत् उत्पादन हुनेछ। यसमध्ये सुक्खायाममा एक अर्ब ३६ करोड र वर्षायाममा दुई अर्ब आठ करोड युनिट विद्युत् उत्पादन हुनेछ। आयोजनाको निर्माण अवधि सात वर्षको रहेको छ।

## पर्सामा ...

छ। विगतमा उद्योग मात्र दर्ता गर्दै आएको सो कार्यालयले चालू आवदेखि वाणिज्यतर्फका व्यावसायिक फार्मसमेत दर्ता शुरू गरेको सूचना अधिकारी खड्काले बताए।

यस्तै, वाणिज्य दर्ता, नवीकरणलगायतबाट रु एक लाख ५३ हजार दुई सय राजस्व सङ्कलन भएको छ। महिलाको नाममा दर्ता भएका व्यवसायतर्फ अधिकांश जेनरल स्टोर्स, सिलाइकटाइ टेलरिङ र ब्युटिपार्लर छन् भने उद्योगतर्फ अधिकांश कृषि र माछा तथा पशुपालनका छन्।

पछिल्लो समय महिलालाई उद्योग व्यवसायको मालिक बनाउने क्रम बढेको पुष्टि गरेको छ।

सरकारले महिलाको नाममा दर्ता हुने उद्योग-व्यवसायलाई दस्तुरमा छुट दिनु, स्थानीय प्रशासनले पनि उद्योग-व्यवसाय दर्ताका लागि कडाइ गर्नु र बैंक तथा वित्तीय संस्थाबाट उद्योग-व्यवसायमा ऋण लगानी सहज हुन सक्नेलगायत कारण पनि घरेलु तथा साना उद्योग व्यवसाय दर्ता गराउने क्रम बढेको प्रमुख सिंह बताउँछन्।

वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिलकुमार अग्रवालले भने, "पुरुषप्रधान समाजमा महिलालाई मालिक बनाउने संस्कार पहिला थिएन, तर अहिले महिलालाई सुविधा दिन थालेपछि समाज रूपान्तरण हुन थालेको छ।"

# अन्तर्राष्ट्रिय समाचार

## भोजन अभावमा जापानमा भालुको आक्रमणमा रेकर्ड वृद्धि

टोक्यो, १६ कात्तीक/सिन्ह्वा

अप्रिलदेखि अक्टोबरको बीचमा जापानमा भालुको आक्रमणमा परेका मानिसको सङ्ख्या १८० पुगेको पर्यावरण मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनुसार उक्त सङ्ख्या आर्थिक वर्षका आधारमा सबैभन्दा बढी हो।

आर्थिक वर्ष २००६ देखि तथ्याङ्क राख्न शुरू गरिएयता अहिलेसम्म यो सबैभन्दा खराब सङ्ख्या भएको मन्त्रालयले बुधवार प्रारम्भिक प्रतिवेदनमा उल्लेख गरेको छ। आर्थिक वर्ष २०२० मा पछिल्लो उच्च रेकर्ड १५८ थियो।




अप्रिलदेखि शुरू हुने आर्थिक वर्ष २०२३ मा अहिलेसम्म भालुहरूको आक्रमणमा पाँच व्यक्तिको ज्यान गएको प्रतिवेदनमा उल्लेख छ। अगस्तमा १५ जनामाथि भालुले आक्रमण गरेको थियो भने यो सङ्ख्या सेप्टेम्बरमा ३८ र अक्टोबरमा ७१ पुगेको थियो।

उत्तरपूर्वी जापानको ताहोकू क्षेत्रमा कुल जनसङ्ख्याले करीब ७० प्रतिशत भाग ओगटेको छ। विशेषज्ञहरूका अनुसार पहाडहरूमा सुक्खा फलफूल (बदाम, ओखर आदि)को उत्पादन कम भएकाले पर्याप्त भोजन नपाउँदा यो वर्ष भालुहरू मानवबस्तीका वरपर धेरैपटक देखिएका थिए।

मन्त्रालयले डिसेम्बरमा भालुहरू शीतनिद्रामा नगएसम्म अधिकतम सतर्कता अपनाउन आग्रह गरेको छ। "बेपत्ता मानिसहरूको खोजीमा उद्धारकर्मीहरूले रातभर काम गरिरहेका थिए र आज बिहान पुनः शुरू भएको छ," एक प्रहरी अधिकारीले भने। रासस



**ढकमक्क फुलेको सयपत्री :** दाङको घोराही उपमहानगरपालिका–१३ तुरुन्तपुरस्थित डुम्बरगाउँका इन्द्रा बूढाले व्यावसायिकरूपमा गरेको फूलखेतीमा ढकमक्क फुलेका सयपत्री फूल। उनले करीब १२ कट्ठा जमीन भाँडामा लिएर तिहारलाई लक्षित गरी सयपत्री र मखमली फूलखेती गरेका छन्। तस्बिरः कुलदीप न्यौपाने/रासस

## थाइल्यान्ड र हमासबीच इरानमा बन्धकबारे प्रत्यक्ष वार्ता

बैंकक, १६ कात्तिक/एएफपी

थाई अधिकारीहरूले प्यालेस्टिनी आतङ्कवादी समूहद्वारा इजरायल हमलामा बन्धक बनाइएका २२ जना थाई नागरिकको अवस्थाबारे गत साता इरानमा हमाससँग प्रत्यक्ष वार्ता गरेको थाई प्रतिनिधिमण्डलका प्रमुखले बताएका छन्। वार्ताकारहरूले गत बिहीवार तेहरानमा हमासका अधिकारीहरूसँग भेटेका थिए। भेटमा हमासले थाई बन्धकलाई 'उचित समय'मा रिहा गरिने वचन दिएको अरिपेन उत्तरासिनले बुधवार बैंककमा पत्रकारहरूसँग भने।

इजरायली अधिकारीहरूका अनुसार अक्टोबर ७ मा गाजापट्टीबाट हमासले शुरू गरेको हमलामा अधिकांश सर्वसाधारणसहित १४०० मानिसको ज्यान गएको थियो। हमासले २३० भन्दा बढी मानिसलाई बन्धक बनाएको छ। जवाफमा इजरायली सेनाले गाजामाथि हमला गर्दा ८,७०० भन्दा बढी गाजावासी मारिएका हमास नियन्त्रित स्वास्थ्य मन्त्रालयले जनाएको छ।

थाई संसद्का अध्यक्षद्वारा नियुक्त तीन सदस्यीय वार्ता टोलीको नेतृत्व गर्ने अरिपेनले इरानमा हमासका अधिकारीहरूसँग दुई घण्टा बैठक बसेको जानकारी दिए।

"उनीहरू निर्दोष रहेको भन्दै मैले थाई बन्धकको रिहाइका लागि कुरा गरें"–उनले भने–"उनीहरूले थाई बन्धकको राम्रो हेरचाह गरिएको मलाई आश्वासन दिएका छन् तर उनीहरूले रिहाइको मिति बताउन सकेनन्, उनीहरू उचित समयको प्रतीक्षा गरिरहेका थिए।"

"उनीहरूले हाम्रो चिन्ता बुझेका छन्, थाइल्यान्डले मुस्लिम समुदायप्रति दया र लाभ देखाएको छ भन्ने उनीहरूलाई थाहा छ, उनीहरू थाइल्यान्डलाई सम्मान गर्छन्"–अरिपेनले भने।

प्रधानमन्त्री श्रेथा थाभिसिनले थाई बन्धकहरूलाई स्वदेश फर्काउन कडा मेहनत गरिरहेको बताएका छन्। साथै विदेशमन्त्रीले यसै साता कतार र इजिप्टसँग कुरा गरेका छन्।

कतारका प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुल रहमान अल–थानीले खाडी क्षेत्रको स्थितिको 'जटिलता' भएपनि बन्धकहरूलाई मुक्त गराउने प्रयासलाई अगाडि बढाइरहेको बताएका छन्।

प्रधानमन्त्री थाभिसिनले बुधवार राति इजरायली प्रधानमन्त्री बेन्यामिन नेतन्याहुसँग टेलिफोनमा कुरा गरेका थिए। "उहाँले मलाई थाई बन्धकहरूको तुरुन्त सहयोगका लागि सक्दो प्रयास गरिने बताएका छन्"–प्रधानमन्त्री थाभिसिनले भने। पछि नेतन्याहुको कार्यालयले इजरायलका सबै बन्धकलाई मुक्त गराउन सक्दो प्रयास गरिरहेको प्रधानमन्त्री थाभिसिनलाई आश्वासन दिएको बताएको थियो। द्वन्द्व शुरू हुँदा इजरायलमा करीब ३० हजार थाई काम गरिरहेका थिए। तीमध्ये अधिकांश कृषि क्षेत्रमा संलग्न थिए। मन्त्रालयका अनुसार द्वन्द्वमा कम्तीमा ३२ थाईको मृत्यु र १९ जना घाइते भएका थिए। थाइल्यान्डले इजरायलमा रहेका सात हजार नागरिकलाई विमानबाट स्वदेश फर्काएको छ। रासस

## खुला स्थानमा दिसा गर्नेलाई जरिवाना

प्रस, पोखरिया, १६ कात्तिक/

खुला स्थानमा दिसा गर्ने आठजनालाई पोखरिया नगरपालिकाले कारबाहीस्वरूप जनही रु एक हजार जरिवाना गरेको छ।

पोखरिया नगरपालिकाका सरसफाइ संयोजक विनोद पाण्डेको नेतृत्वमा पोखरिया नगरपालिकाका नगरप्रहरी र इलाका प्रहरी कार्यालय, पोखरियाको टोलीले अनुगमन गर्ने क्रममा खुला स्थानमा दिसा गर्ने पोखरिया नगरपालिका वडा नं ८, ९ र १० बाट गरी आठजनालाई पक्राउ गरिएको थियो।

देश नै खुला दिसामुक्त क्षेत्र घोषणा भएको करीब छ वर्षभन्दा बढी भइसके पनि पोखरियाका स्थानीयले फेरि जथाभावी खुला स्थानमा दिसा गर्न थालेपछि पोखरिया नगरपालिकाले खुला दिसामुक्त क्षेत्र घोषणा प्रभावकारी बनाउन अभियान सञ्चालन गरेको नगरप्रमुख प्रद्युम्न चौहानले बताए। पक्राउ परेकाहरूबाट जनही रु एक हजार जरिवाना लिएर आफन्तको जिम्मा लगाइ छोडिएको नगरप्रमुख चौहानले बताए। यसैगरी, हिजो पनि पोखरिया १, २, ५, ६ र ७ बाट छजनालाई पक्राउ गरिएको थियो। खुला स्थानमा दिसा गर्नेहरूको साँझ र बिहान निगरानी भइरहेको नगरप्रमुख चौहानले बताए।



पोखरिया नगरपालिका। तस्वीरः फाइल

## रणनीतिक सीमावर्ती शहरमा नियन्त्रण गुमाएको म्यान्मा सेनाको भनाइ

याङ्गुन (म्यान्मा), १६ कात्तिक/एएफपी

तीन जातीय सशस्त्र समूहसँग धेरै दिनको झडपपछि म्यान्माको सेनाले चिनियाँ सीमामा रहेको एक रणनीतिक उत्तरी शहरमाथि नियन्त्रण गुमाएको सेनाका एक प्रवक्ताले बताएका छन्।

"चीनको युनान प्रान्तको सीमामा रहेको चिनेश्वेहा शहरमा सरकार, प्रशासनिक निकाय र सुरक्षा निकाय अब छैनन्"–बुधवार राति जाव मिन तुनले एक विज्ञप्ति जारी गर्दै भने।

म्यान्माको उत्तरी राज्य शानको एउटा ठूलो भागमा शुक्रवारदेखि लडाइँ शुरू भएको छ।

त्यहाँ चीनको बेल्ट एन्ड रोड ग्लोबल इन्फ्रास्ट्रक्चर परियोजना अन्तर्गत एक अर्ब डलरको रेल लिङ्कको योजना बनाइएको छ।

ता'आङ नेशनल लिबरेशन आर्मी (टिएनएलए), आराकान आर्मी (एए) र म्यान्मा नेशनल डेमोक्रेटिक अलायन्स आर्मी (एमएनडिएए)ले म्यान्माको सबैभन्दा ठूलो व्यापारिक साझेदार चीनसँग जोड्ने थुप्रै सैन्य चौकी र प्रमुख सडकहरूमाथि कब्जा गरेको बताएका छन्।

संयुक्त राष्ट्रसङ्घले हजारौं मानिस विस्थापित भएका र केही सीमा पार गरेर चीन भागेको भन्दै चिन्ता व्यक्त गरेको छ।

यसै वर्षको अप्रिलदेखि सेप्टेम्बरसम्म चीनसँग म्यान्माको एक अर्ब ८० करोड अमेरिकी डलरको सीमा व्यापारको एक चौथाइभन्दा धेरै हिस्सा चिनेश्वेहा शहरमार्फत भएको थियो। रासस

### रानीघाट–पोखरिया बस समिति

- भिस्वा– बिहान ७:४० बजे
- भिस्वा– बिहान १०:०० बजे
- भिस्वा– मध्याह्न १२:०० बजे
- भिस्वा– दिउँसो १:३० बजे
- दसौता– दिउँसो २:३० बजे
- सेढवा– दिउँसो ३ बजे
- देउरिया– दिउँसो ३:१५ बजे
- भिस्वा– दिउँसोः ३:४० बजे

### आजको राशिफल

| | |
|---|---|
| मेष – राज्यलाभ | वृष – धनक्षति |
| मिथुन – सुयश | कर्कट – अलमल |
| सिंह – धनलाभ | कन्या – सफलता |
| तुला – अलमल | वृश्चिक – रोगभय |
| धनु – व्यापारवृद्धि | मकर – शत्रुभय |
| कुम्भ – कार्यनाश | मीन – भयचिन्ता |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## मौसम परिवर्तनसँगै बिरामीको चाप बढ्दो

वीरगंज (पर्सा), १६ कात्तिक/रासस

मौसममा आएको परिवर्तनसँगै पर्सामा रुघाखोकी, ज्वरो र डेङ्गुका बिरामीको चाप बढेको छ।

बिहान तथा बेलुका जाडो र दिउँसो हुने गर्मीका कारण शहरी क्षेत्र तथा ग्रामीण बस्तीमा रुघाखोकी, ज्वरो, श्वासप्रश्वासका बिरामी निकै बढेका छन्। वीरगंजस्थित नारायणी अस्पताल र अन्य निजी अस्पताल तथा ग्रामीण भेगका स्वास्थ्य संस्थामा अहिले बिरामीको चाप निकै बढेको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ।

दूधे बालकदेखि ६० वर्षसम्मका वृद्धवृद्धा रुघाखोकी, ज्वरो, श्वासप्रश्वास, निमोनियालगायतको प्रकोपबाट पीडित भएका छन्। पछिल्लो केही दिनयता आएको मौसमी परिवर्तनले अस्पतालमा बिरामीको चाप बढेको नारायणी अस्पतालका सूचना अधिकारी डा उदयनारायण सिंहले जानकारी दिए।

मौसममा आएको परिवर्तनका कारण रुघाखोकी, ज्वरो, निमोनियालगायत बिरामी दैनिक करीब २० देखि २५ जनासम्म उपचारका लागि आउने गरेको उनले बताए। यस्तै, पछिल्लो केही दिनयता दैनिक चार/पाँच जनासम्म डेङ्गु सङ्क्रमित बिरामी उपचारका लागि आउने गरेको प्रवक्ता डा सिंहको भनाइ थियो।

अस्पतालमा बिरामीको चाप बढ्दै गएकाले शय्याको अभाव भएको र भुइँमै राखेर उपचार गर्नुपर्ने अवस्था रहेको उनले बताए। यसैबीच, बढ्दो डेङ्गु सङ्क्रमणलाई दृष्टिगत गरी वीरगंज महानगरपालिकाले 'खोज र नष्ट गर' अभियानलाई निरन्तरता दिएको छ।

पछिल्लो समय वीरगंज महानगर क्षेत्रमा डेङ्गु सङ्क्रमण बढ्दै गएपछि महानगरपालिकाले डेङ्गु सार्ने लामखुट्टे र त्यसको लार्भा नष्ट गर्ने अभियान शुरू गरेको छ। अभियानका क्रममा महानगरपालिकाले डेङ्गु सङ्क्रमणका लागि विभिन्न स्थानमा जमेका पानी सफा गर्ने, स्प्रे गर्ने र वीरगंज भित्रिने यात्रीवाहक बसदेखि अन्य सवारीसाधनमा स्प्रे गर्न थालिएको महानगरपालिकाका सरसफाइ शाखा प्रमुख सर्फुद्दीन मियाँले जानकारी दिए।

महानगरपालिकाका प्रमुख राजेशमान सिंहको निर्देशनमा गत भदौ २६ गतेदेखि शुरू भएको अभियानकै क्रममा लामखुट्टे र लार्भा नष्ट गर्न र सवारीसाधन तथा पानी जमेको स्थानमा स्प्रे गर्न थालिएको छ।

प्रमुख मियाँका अनुसार सो अभियानका लागि महानगरको स्वास्थ्य महाशाखासँगै सरसफाइ शाखा र नगर प्रहरीको टोलीलाई स्प्रे गर्न परिचालन गरिएको छ। मानिसको अत्यधिक भीडभाड हुने सार्वजनिक स्थानमा पनि कीटनाशक औषधि स्प्रे गर्ने क्रमलाई महानगरले निरन्तरता दिएको उनले बताए।

### सार्वजनिक सुनुवाइ

प्रोबायोटेक इन्डस्ट्रिज लिमिटेड (इकाइ उद्योग–८) स्थापनाको निमित्त हुन गइरहेको प्रारम्भिक वातावरणीय परीक्षण (IEE)को प्रयोजनार्थ तल उल्लिखित मिति, समय र स्थानमा सार्वजनिक सुनुवाइ हुने भएकोले सरोकारवालाको उपस्थितिको लागि अनुरोध छ।

**मितिः २०८०/०७/२० गते सोमवार**
**समयः बिहान ११:००**
**स्थानः पर्सा जिल्ला, पर्सागढी नगरपालिका वडा नं १ उद्योगको प्राङ्गण**

### सार्वजनिक सुनुवाइ

प्रोबायोटेक इन्डस्ट्रिज लिमिटेड (इकाइ उद्योग–९) स्थापनाको निमित्त हुन गइरहेको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को प्रयोजनार्थ तल उल्लिखित मिति, समय र स्थानमा सार्वजनिक सुनुवाइ हुने भएकोले सरोकारवालाको उपस्थितिको लागि अनुरोध छ।

**मितिः २०८०/०७/२० गते सोमवार**
**समयः बिहान ११:००**
**स्थानः पर्सा जिल्ला, पर्सागढी नगरपालिका वडा नं १ उद्योगको प्राङ्गण**

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।

बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर

प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

# प्रदेश सांसद पटेलको पहलमा पावरलाइट जडान हुँदै


तस्वीरः नरेश यादव

नरेश यादव, पर्सागढी, १६ कात्तिक/

प्रदेशसभा सदस्य श्याम पटेलको पहलमा पर्सागढी नगरपालिका–३ बिरुवाचोक र झबराहाको हात्तीवनमा पावरलाइट जडान कार्य शुरू भएको छ।

प्रदेशसभा सदस्य पटेलको गत वर्षको संसदीय कोषबाट मधेस प्रदेशको भौतिक पूर्वाधार योजना अनुसार दुई स्थानमा पावरलाइट जडान कार्य शुरू भएको छ। प्रदेशसभा सदस्य पटेलले दुवै ठाउँमा पावरलाइट जडानको लागि स्टिमेट बनेको तर यकीन बजेट भने तयार नभएको बताएका छन्।

बिहीवार स्थानीय शम्भु कुँवर, रोशन चौधरी, प्रमोद खत्री, पलक चौधरी, नारायण कुँवर, रामअयोध्या यादवलगायतले पावरलाइट जडानको लागि खाल्डो खनी श्रमदान गरेका थिए। दुई सय वाटको पावरलाइट दुई ठाउँमा १३ मिटर उचाइमा निर्माण हुने बताइएको छ।


एभरग्रीन टेक्निकल इन्स्टिच्युट अफ हेल्थ साइन्स प्रालि
वीरगंज, गण्डक, पर्सा

**बोलपत्र आह्वानको सार्वजनिक सूचना**

**पहिलोपटक प्रकाशित मितिः २०८०/०७/१७ गते**

यस इन्स्टिच्युटमा कार्यालयका विभिन्न आवश्यक कामहरूको लागि स्टेशनरी सामानहरू चाहिने भएकोले इच्छुक व्यक्ति, फर्म वा संस्थाहरूले सूचना प्रकाशित भएको मितिले १० दिनभित्र २०८०/०७/२६ गतेसम्म बोलपत्र पेश गर्नुहुन सूचित गरिन्छ।

**सम्पर्क नं.: ९८१२२१८९३०, ९८१५२५५८०८**



**नागरिक बडापत्र पढौं, छिटो र छरितो सेवा प्राप्त गरौं।**

- सर्वसाधारणलाई सेवा प्रदान गर्ने र जनसम्पर्क हुने कार्यालयमा नागरिक बडापत्र राखिएको हुन्छ।
- नागरिक बडापत्रमा कार्यालयले दिने सेवा र प्रकृति उल्लेख गरिएको हुन्छ।
- त्यस्तो सेवा प्राप्त गर्न पूरा गर्नुपर्ने कार्यविधि, लाग्ने समय, दस्तुर, सेवा दिने अधिकारीलगायत विविध विषय उल्लेख गरिएको हुन्छ।
- तोकिए बमोजिम सेवा प्राप्त नभएमा गुनासो सुन्ने अधिकारी एवं क्षतिपूर्ति सम्बन्धी व्यवस्थासमेत उल्लेख गरिएको हुन्छ।

**त्यसैले,**

**सेवाग्राहीको सुविधाका लागि राखिएको नागरिक बडापत्र पढ्ने बानी बसालौं, छिटो छरितो सेवा प्राप्त गरौं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**



Make your stay with us is a
*memorable experience*



Lords Plaza Birgunj is a world class hotel built to treat all types of travelers. This beautiful hotel is equipped with contemporary Rooms and Suites, Business Center, Four Conference Rooms, Three Food and Beverage outlets - Bar, Multi Cuisine Restaurant & Roof Top Dining, Spa, Gym, Pool and Casino.

Diyalo Lords PLAZA
Exhilarating Hospitality
Birgunj

Call - 51525252, 98028 19788, 98028 19787

Aadarsh Nagar, Birgunj, Nepal, www.lordshotels.com,


## भारतीय कुखुरा गाडेर नष्ट

प्रस, सिम्रौनगढ, १६ कात्तिक/

इलाका प्रहरी कार्यालय, सिम्रौनगढले भारतबाट तस्करीमार्फत नेपाल भित्र्याइएका ब्वाइलर कुखुरा नियन्त्रणमा



लिएर नष्ट गरेको छ।

इप्रकाको टोलीले बिहीवार बिहान साढे १० बजे सिम्रौनगढ नगरपालिका–१ स्थित पथलवाघाट नाकाबाट करीब सय किलो ब्वाइलर कुखुरा नियन्त्रणमा लिएको थियो। बर्डफ्लूपछि पक्षीजन्यको आयातमा नेपालले प्रतिबन्ध लगाएको छ। सो प्रतिबन्ध अहिलेसम्म फुकुवा भएको छैन। तर नेपालभन्दा भारतमा ब्वाइलर कुखुरा सस्तो भएकोले सीमावर्ती नेपाली क्षेत्रहरूमा भारतीय ब्वाइलर कुखुरा जिउँदो र मासु बनाएर ल्याउने कार्य जारी छ।

यसै क्रममा बिहीवार बरामद ब्वाइलर कुखुरा इप्रका परिसरमा सरोकारवालाहरूको रोहबरमा खाल्डो खनेर गाडेर नष्ट गरिएको प्रहरी निरीक्षक रविभूषण यादवले बताए।

## सरकारी कार्यालय ४ बजेसम्म मात्र

प्रस, वीरगंज, १६ कात्तिक/

नेपाल सरकारले राजपत्रमा सूचना प्रकाशित गरी कात्तिक १६ देखि माघ १५ गतेसम्म देशभरिका सरकारी कार्यालय बिहान १० देखि अपराह्न ४ बजेसम्म मात्रै खुल्ने भएको छ। शुक्रवार भने तीन बजेसम्म मात्र कार्यालय सञ्चालन हुने गृह मन्त्रालयले जनाएको छ। चीसो मौसम शुरू भएपछि दिन छोटो हुने भएकोले हरेक वर्ष तीन महीना कार्यालय समय एक घण्टा घटाइन्छ।

## महिलाको शव भेटियो

प्रस, वीरगंज, १६ कात्तिक/

जीतपुरसिमरा उपमहानगरपालिका–६ घुसुकपुरस्थित खेतमा बिहीवार बिहान एकजना महिलाको शव भेटिएको छ।

मृतक करीब २४ वर्षीया युवतीको पहिचान खुल्न नसकेको बारा प्रहरीले जनाएको छ। इलाका प्रहरी कार्यालय, सिमरा, जीतपुर र जिल्ला प्रहरी कार्यालयको टोली घटनास्थलमा पुगी शव नियन्त्रणमा लिई अनुसन्धान गरेको छ।

## पानीटङ्कीमा चोरी

प्रस, वीरगंज, १६ कात्तिक/

वीरगंज महानगरपालिका–८ खानेपानी संस्थानको कार्यालयनजीक रहेको कृष्णप्रसाद कलवारको घरमा डेरामा बस्ने रविभूषण पटेलको कोठामा चोरी भएको छ। घरमा कोही नभएको बेला चोरी भएको प्रहरीले बताएको छ। उनको कोठाबाट चोरले दुईटा ल्यापटप र एक लाख नगद चोरेर लगेको प्रहरीले जनाएको छ।

एक तले भवनअगाडिको पर्खालबाट हाम फालेर मेनगेटको ताला फोडी चोरहरू घरभित्र प्रवेश गरेका थिए। घरका पाँचवटै कोठाको ताला फोडेर चोरी भएको छ। घरधनी बस्दै आएको कोठामा चोरी भएपनि कलवारकी पत्नी अस्पताल भर्ना भएकीले विवरण थाहा हुन नसकेको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ।

# खेलकूदको संसार

## परसवा गोल्डकपः निचुटा र मनहर्वा विजयी

प्रस, सेढवा, १ कात्तिक/

न्यू एभरेस्ट क्लब, जीराभवानी गाउँपालिका–३ को आयोजनामा जारी परसवा गोल्डकप–२०८० अन्तर्गत लिग चरणको बिहीवार भएको पहिलो खेलमा निचुटा विजयी भएको छ।

निचुटाले निजगढलाई एक गोलका विरुद्ध चार गोलअन्तरले पराजित गरी समूह 'बी'को विजेता भएको छ भने निजगढ लिग चरणबाट बाहिरिएको छ। यस समूहको उपविजेता टीम आयोजक न्यू एभरेस्ट क्लब बनेको छ। निचुटाका खेलाडी सागर चौधरीले दुई गोल, विवेक चौधरी र जयमुल खानले एक/एक गोल गरेका थिए। त्यस्तै, निजगढका लागि विकाश मगरले एक गोल मात्र गरेका थिए।

निचुटा समूह 'ए'को उपविजेता पटेर्वासुगौलीसँग क्वार्टरफाइनलमा भिड्नेछ भने परसवा समूह 'ए'को विजेता सेढवासँग क्वार्टरफाइनलमा भिड्नेछ।

त्यस्तै, दोस्रो खेलमा बाराको मनहर्वा विजयी भएको छ। मनहर्वाले पकडीटोललाई शून्यका विरुद्ध एक गोलले पराजित गरेको हो। मनहर्वाका अविनाश महतोले निर्णायक गोल गरेका थिए। यस खेलमा मनहर्वाका जर्सी नं ११ का रुल्स तिमल्सिसना 'म्यान अफ दी म्याच' घोषित भए।

शुक्रवारको लिग चरणको अन्तिम खेल भारतको इनर्वा र बाराको बकुलियाबीच हुनेछ। समूह 'डी'मा यी दुई टीमको समान अङ्क तीन छ।

## विश्वकप छनोट : नेपाल ओमानसँग पाँच रनले पराजित

काठमाडौं, १६ कात्तिक/रासस

आइसिसी टी–२० विश्वकप एशिया क्षेत्रको फाइनल छनोट अन्तर्गत बिहीवार भएको खेलमा नेपाल ओमानसँग पराजित भएको छ।

कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालयको क्रिकेट मैदानमा भएको खेलमा नेपाल ओमानसँग पाँच रनले पराजित भएको हो। यस जीतसँगै ओमान समूह 'ए'को विजेता तथा नेपाल उपविजेता बन्यो।

ओमानले दिएको १४६ रनको चुनौती पछ्याएको नेपाल निर्धारित २० ओभरमा नौ विकेट गुमाउँदै १४० रनमा समेटियो। नेपालका विवेक यादवले २४ बलमा पाँच छक्कासहित सर्वाधिक ३९ रन बनाए। त्यस्तै, कुशल भुर्तेलले २६ रन बनाए भने करण केसीले १५ रन जोडे।

नेपालले सुरुआतदेखि नै लगातार विकेट गुमाएको थियो। आसिफ शेखले पाँच रन जोड्दै आउट भए भने सोमपाल कामी, कप्तान रोहितकुमार पौडेल र सन्दीप जोराले समान १२/१२ रन जोड्दै आउट भए। त्यस्तै, गुलशन झाले ३ रन जोडे।

ओमानका विलाल खानले तीन किकेट झारे भने अकिब इलयास, सकिल अहमद र मेहरान खानले समान दुई/दुई विकेट लिए। त्यस्तै, कप्तान जिशान मकसुदले एक विकेट लिए।

त्यसअघि टस हारेर पहिले ब्याटिङ गरेको ओमानले निर्धारित २० ओभरमा नौ विकेट गुमाउँदै १४५ रनको योगफल बनाएको थियो। ओमानका लागि जिशान मकसुदले सर्वाधिक ३२ रनको योगदान दिए। उनले २६ बलमा एक चौका र तीन छक्कासहित ३२ रन बनाए। त्यस्तै, नसिम खुशीले २५ रन बनाए भने प्रतीक अथभलले २४, सकिल अहमदले २२ तथा आयान खानले १८ रन बनाए।

नेपालका लागि करण केसीले तीन विकेट लिए भने सोमपाल कामी र सन्दीप लामिछानेले समान दुई/दुई विकेट लिए। त्यस्तै, गुलशन झा र अविनाश बोहोराले समान एक/एक विकेट लिए। नेपालले भोलि हुने सेमिफाइनल खेलमा समूह 'बी'को विजेता युएईसँग खेल्नेछ।

## युएईद्वारा हङकङ पराजित

काठमाडौं, १६ कात्तिक/

आइसिसी टी–२० विश्वकप एशिया क्षेत्र फाइनल छनोट अन्तर्गत समूह चरणको अन्तिम खेलमा संयुक्त अरब इमिरेट्स (युएई)ले हङकङलाई हराउँदै विजयी भएको छ।

माथिल्लो मूलपानी क्रिकेट मैदानमा बिहीवार भएको खेलमा हङकङलाई २२ रनले पराजित गर्दै युएई समूह 'बी'को विजेता बन्न सफल भयो। यो जीतसँगै युएईले भोलि हुने सेमिफाइनल खेलमा नेपालसँग प्रतिस्पर्धा गर्नेछ।

नेपाल समूह 'ए'को उपाविजेता बन्दै सेमिफाइनलमा पुगेको हो। जीतको लागि १७७ रनको विजयी लक्ष्य पछ्याएको हङकङ निर्धारित २० ओभरमा आठ विकेट गुमाउँदै १५४ रनमा समेटियो।

हङकङका लागि अन्स्या राथले सर्वाधिक ५९ रनको योगदान दिए। उनले ४७ बलमा आठ चौकासहित सर्वाधिक ५९ रन बनाएका हुन्। त्यस्तै, अजिज खानले २६, निजाकत खानले २५ तथा नसरुल्लाह राणाले १३ रन बनाएका थिए। त्यसबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन्। युएईका अलि नासिर र जहुर खानले समान दुई विकेट लिए।

त्यसअघि टस हारेर पहिले ब्याटिङको निम्तो पाएको युएईले निर्धारित २० ओभरमा छ विकेट गुमाउँदै १७६ रनको योगफल बनाएको थियो। युएईका लागि वासिल हामिदले सर्वाधिक ५१ रनको योगदान दिए। उनले २९ बलमा चार चौका र तीन छक्कासहित सर्वाधिक ५१ रन बनाएका थिए।

कप्तान मोहम्मद वासिमले २४ बलमा पाँच चौका र तीन छक्कासहित ४६ रन जोडे। एलिशान शराफुले २४ बलमा दुई चौका र दुई छक्कासहित ३४ रन बनाए। वृत्य अरविन्दले १९ रन जोड्दा खालिद शाह छ तथा आसिफ खान चार रनमा आउट भए। हङकङका यासिम मुर्तजाले तीन विकेट लिए भने नसरुल्लाह राणाले दुई विकेट लिए। त्यस्तै, एहसान खानले एक विकेट लिए।

### सुक्खा बन्दरगाह ...

कोइला आइरहेकामा रक्सौलका बासिन्दाले स्वास्थ्यमा प्रतिकूल असर परेको भन्दै उच्च अदालत पटनामा रिट दिएकामा त्यसमाथि सुनुवाइ गर्दै उच्च अदालतले भारतीय रेलवेको मध्यपूर्वी रेलवे समस्तीपुरलाई रक्सौलमा डस्टी कार्गो ह्यान्डलिङ नगर्न रोक आदेश गरेको थियो। उक्त मुद्दामा अहिले अन्तिम फैसलामा आउन बाँकी छ। तर दिगोरूपमा नेपाली आयातकर्ताहरूको लागि सुक्खा बन्दरगाह भन्सारबाटै कोइला आयात गर्न सुक्खा बन्दरगाह भन्सारको लुज कार्गो यार्डमा पूर्वाधार विकास गर्नुपर्ने आवश्यकता रहेको छ। उपाध्यक्ष राजपालका अनुसार सुक्खा बन्दरगाहको यार्ड साँघुरो भएकोले रेलवे यार्डमा ह्यान्डलिङ हुने परिमाण जति सुक्खा बन्दरगाहमा गर्न सकिंदैन। सुक्खा बन्दरगाहमा अहिले एक र्‍याक कोइला ह्यान्डलिङ (अनलोडिङ–लोडिङ) गर्न करीब अढाई दिन लाग्छ। तर यार्ड ठूलो भएको भए एक दिनमा लुज कार्गोको यार्ड खाली गराउन सकिन्थ्यो।

यसै विषयमा सुक्खा बन्दरगाह भन्सारका सूचना अधिकारी एवं भन्सार अधिकृत सुशील शर्माका अनुसार आफूहरूले भन्सार जाँचपासमा सहजीकरण गरिदिएर अहिले भटाभट कोइलाको जाँचपास भएर भित्रिन थालेको छ। उनले व्यवसायीले कोइला नियमित ल्याए अन्य पूर्वाधार विकास र सहजीकरणमा भन्सार कार्यालयले अन्य सरोकारवाला निकायसँग पहल गर्न समन्वय गर्ने जानकारी गराए। हाल सुक्खा बन्दरगाह भन्सारबाट दैनिक ८० देखि १०० टिपर कोइला लोडिङ भएर बाहिर व्यवसायीको गोदाममा गइरहेको उनले बताए।

हाल भारतबाट खरीद भएको कोइलामा आयातकर्ताको बिलको आधारमा पाँच प्रतिशत भन्सार महसूल, १३ प्रतिशत मूल्य अभिवृद्धि कर लिएर जाँचपास भइरहेको उनले बताए। जाँचपासमा न्यूनतम भारु आठ हजार प्रतिटनको दरमा कोइलाको मूल्याङ्कन भइरहेकोसमेत उनले बताए। पहिलेको भारु १२ हजारको दर हाल संशोधन भएको छ। अन्तर्राष्ट्रिय बजारमा कोइलाको मूल्य घटेपछि भन्सार सन्दर्भ मूल्य पुस्तिकामा भन्सार विभागले मूल्य संशोधन गरेको हो।


आदर्शनगर रङ्गशालामा यही कात्तिक १८ गतेदेखि हुन गइरहेको प्रथम वीरगंज गोल्डकप प्रतियोगिताको लागि अभ्यास गर्दै खेलाडीहरू। तस्वीरः नितेश कर्ण